## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. २०६७-RC-००७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अनीता घर्ती (गुरूङ्ग)*

वारदातबाट प्रत्यक्ष रूपमा गम्भीर घाइते भई पीडित बनेका पदमबहादुर घर्ती ७४ वर्षको पाको उमेरका व्यक्ति देखिएको र निजको सामुन्नेमा भएको वारदातबाट सख्त घाइते भई पीडित बनेका निज स्वयम्ले अदालतमा उपस्थित भई बकपत्र गर्दै यी प्रतिवादी समेत संलग्न भई आफू र मृतकहरू सम्झना घर्ती र बटुमाया घर्ती समेतमाथि प्रहार गरेको भनी किटानीसाथ व्यक्त गरिदिएको भनाईलाई प्रस्तुत वारदात पुष्टि गर्ने महत्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । दुबै जना मृतकहरूको सो वारदातबाटै मृत्यु भएको भन्नेमा कुनै विवाद नरहेको तथा घटनाबाट गम्भीर घाइते भएका पीडितमध्येकै पदमबहादुर घर्ती आफैले प्रतिवादी अनीता घर्तीलाई किटान गरी निजको संलग्नता पुष्टि हुने गरी बकपत्र समेत गरेको यस स्थितिमा प्रतिवादीले वारदातस्थलमा आफू नरहेको भनी लिएको दावी (Plea of Alibi) मिलेको नदेखिने ।

यी प्रतिवादीकै योजनाबाट भएको देखिएको सो वारदातमा संलग्न रहेका भनिएका अन्य प्रतिवादीहरू श्यामबहादुर तामाङ्ग र रामबहादुर तामाङ्ग फरार रहेको र निजहरूलाई बचन दिई वारदात घटाउन लगाएको भन्नेमा प्रतिवादी प्रहरीमा सावित रहेको तथा घाइते पदमबहादुर घर्तीले गरेको बकपत्रबाट वारदातमा यी प्रतिवादी र अन्य केटा मानिस समेत संलग्न रहेको भन्ने देखिँदा निजको साविती बयान पुष्टि हुन आएको छ । तसर्थ यी सम्पूर्ण प्रमाणहरूबाट मृतक सम्झना घर्ती र बटुमाया घर्तीको मृत्यु प्रतिवादी अनीता घर्ती (गुरूङ्ग) समेतको कर्तव्यबाट भएको देखिने ।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. WO-०६५४, उत्प्रेषण परमादेश समेत, *रामकुमार सिंह वि. पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनी, पकली समेत*

सशस्त्र प्रहरी बल जस्तो कठोर अनुशासनमा रही तहगत आदेश (Chain of Command) बाट सञ्चालित हुनुपर्ने सेवामा रहने प्रत्येक सशस्त्र प्रहरी कर्मचारीले प्रचलित कानून एवं आफूमाथिको जिम्मेवार अधिकारीको आदेशलाई पालना गरी सेवाप्रति बफादार रहनुपर्ने तथ्यमा कुनै विवाद छैन । निवेदकको आचरण हेर्दा निजले पटक-पटक आफ्नो ड्यूटीबाट आफूखुशी बाहिर गई मादक पदार्थ सेवन गरी सशस्त्र प्रहरी बलको साँगठनिक अनुशासन, मर्यादा र छवीमा आँच पुऱ्याउने कार्य गर्नुको साथै आफूभन्दा माथिको कमाण्डरलाई हतियार सोझ्याई मार्नेसम्मको धम्की समेत दिएको भन्ने देखिन्छ । त्यस्तो कार्य निःसन्देह रूपमा सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को देहाय (ग), (घ), (ङ) र (ज) मा उल्लेख भएको कसूरजन्य कार्य भन्ने देखिन आउने ।

निवेदकउपर गरिएको कारवाही निजकै आचरणबाट उठान भएको देखिएको र त्यसरी कारवाही प्रारम्भ गर्नु पूर्व निवेदकले मिति २०६५।६।२७ मा गरेको अनुशासनविपरीतको कामकारवाही समेतका सम्बन्धमा यथार्थ व्यहोरा पत्ता लगाई प्रतिवेदन पेश गर्न सशस्त्र प्रहरी बल, दन्तकाली गणबाट छानबीन बोर्ड नै गठन गरेको र सो बोर्ड समेतले निवेदकको कामकारवाही सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को (ग), (घ),(ङ) र (ज) विपरीत रहेको भन्ने प्रतिवेदन दिएको देखिन आउँछ । तत्पश्चात् निवेदकउपर सोही नियमावलीबमोजिम प्रथम पटक स्पष्टीकरण सोधिएको र सोको जवाफ सन्तोषजनक नभएको भनी पुनः दोस्रो स्पष्टीकरण सोधी नियमावलीको नियम ८७(१) को देहाय (ग), (घ), (ङ) र (ज) को कसूरमा नियम ८४(ख)(१) बमोजिमको सजाय प्रस्ताव गरी नियम ९१ बमोजिम सफाइको मौका समेत दिएको देखिन्छ । यसरी निवेदकलाई कारवाही गर्नु पूर्व प्रचलित कानूनबमोजिमको सबै प्रक्रिया पूरा गरी आधार र कारण समेत उल्लेख गरी सेवाबाट हटाउने गरी भएको

निर्णय पूर्वाग्रहपूर्ण वा प्राकृतिक न्यायको सिद्धान्तविपरीत नदेखिने ।
इजलास अधिकृतः बिदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल भदौ १९ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. WO-०९५६, उत्प्रेषण परमादेश समेत, *डम्बरबहादुर थापामगर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत*

निवेदक कार्यरत् रहेको गस्ती परिचरको पदबाट निजलाई अवकाश दिने उमेरको हद कायम गर्ने विषयको मन्त्रिपरिषद्को २०५९।२।२३ को निर्णयमा समेत तत्कालीन मन्त्रिपरिषद्को २०३४।८।२० को पूर्व निर्णयलाई नै आधार लिई हालसम्म गस्तीमा कार्यरत् कर्मचारीको उमेरको हद सम्बन्धमा एकरूपता कायम गर्ने उद्देश्यले त्यस्ता कर्मचारीको अवकाशको उमेरको हद नेपाल प्रहरी सेवामा उल्लिखित उमेरको हदसम्बन्धी व्यवस्थाबमोजिम नै गर्ने गरी निर्णय गरिएको भन्ने देखिन आउँछ । सो निर्णयबाट यी निवेदक गस्ती परिचरको सेवा प्रवेश गर्दाको बखत सो पदको लागि निर्धारित भएको अवकाशको उमेरको हद लगाएको सेवा शर्तको विपरीत हुने गरी थप नयाँ शर्त निर्धारण गरिएको भन्ने देखिन नआउने ।

भन्सार र राजश्व गस्तीको लागि सिर्जना भएको गस्ती परिचर समेतका पदहरू मन्त्रिपरिषद्को २०३४।८।२० को निर्णयबाट सिर्जना भएको विशेष प्रकृतिको पद भएको र त्यसरी गस्तीतर्फको पदहरू सिर्जना गर्दा सो पदहरूलाई निजामती वा प्रहरी र सेनाको पदभन्दा बेग्लै प्रकृतिको पद भन्ने मानी तत्कालीन मन्त्रिपरिषद्ले नै सोसम्बन्धी सेवाका शर्तहरूका बारेमा छुट्टै निर्णय समेत गरिरहेको अवस्था समेत देखिँदा गस्ती परिचरको पदलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० द्वारा व्यवस्थापन गरिने प्रकृतिको पद मान्न नमिल्ने ।
इजलास अधिकृतः बिदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल भदौ १९ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको रि.नं. WO-०१८१, उत्प्रेषणयुक्त परमादेश, *इन्द्रमणि पोखरेल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

सांगठनिक स्वरूप र क्षेत्राधिकार समेतको हिसाबले कानूनको अधिनमा रही विभागको दोस्रो पटकको निर्णयलाई मन्त्रिस्तरको निर्णयले संशोधन वा बदर गर्न सक्ने नै देखिँदा निवेदकको सरूवालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तोकिएको अवधि अगावै निवेदकको सरूवा हुनुपर्ने रहेछ कि भन्नलाई ऐनको दफा २२ (क) अनुसार निवेदकको अस्वस्थताका बारेमा मेडिकल बोर्डले सिफारिश गरेको भन्ने देखिए पनि सरूवा भएको स्थानमा गै काम गर्न निवेदक असमर्थ रहेको भनी उक्त बोर्डले सिफारिश गरेको नदेखिँदा उक्त सिफारिशलाई ऐनको दफा २२(क) अनुसारको सिफारिश मान्न नमिल्ने ।

स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार सेवा शर्तको अधिनमा रही आफ्नो संगठनभित्रका कर्मचारीलाई कुन कुन ठाउँमा सरूवा गर्ने, के कस्तो काममा लगाउने आदि समेतका कार्य स्वास्थ्य मन्त्रालय र सोअन्तर्गतका विभाग समेतको अधिकारको कुरा हो । कानूनविपरीत हुने गरी कुनै कामकारवाही भएको अवस्थामा बाहेक उक्त संगठनको अधिकारमाथि यस अदालतले असाधारण अधिकारको प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको नि.नं. WO-०१७५, उत्प्रेषण परमादेश समेत, *निरञ्जन खड्का वि. श्रम अदालत समेत*

एउटै कसूरमा अभियोग लागेका व्यक्तिहरूका कसूरको मात्रा बराबर हुन्छ भन्ने अवस्था हुदैन भने खराब आचरण वा अनुशासन उल्लंघन गर्नलाई वा

त्यस्तो गरेको कार्यलाई समानताको हकको नाममा उन्मुक्ति मिल्न सक्दैन । समानताको हक सकारात्मक कुरा वा अधिकारतर्फ उन्मूख हुन्छ नकि आचरण वा अनुशासनको उल्लंघनको लागि त्यसैगरी कसूरको मात्रा एवं संलग्नताको आधारमा कुनै व्यक्ति बढी कसूरदार हुन्छन् भने कुनै व्यक्ति कम कसूरदार हुने अवस्था हुन्छ । निवेदकले आफूमाथि लागेको कसूर आफूले गरेको होइन भन्ने कुरालाई पुष्टि गर्न नसकेको अवस्थामा अन्य व्यक्तिलाई सजाय भएन वा कम सजाय भयो भन्ने आधारमा सजायबाट उन्मुक्ति पाउन सक्ने अवस्था नहुने ।

प्रतिष्ठानको एउटा जिम्मेवार पदमा रहेको व्यक्तिबाट विदेशीले साट्न ल्याएको विदेशी मुद्रा आफ्नो निजी बनाउने अभिप्रायबाट साट्न ल्याउने व्यक्तिलाई झुक्याई छली आफ्नो आचरणविपरीतको कार्य गरेको भनी विपक्षी क्यासिनो तारा होटल ह्यात रिजेन्सीको अधिकारप्राप्त अधिकारीले निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णयले निवेदकको संवैधानिक हकमा आघात पुऱ्याएको अवस्था नभएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः माधव+उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल बैशाख १९ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको नि.नं. WO-०१७६, उत्प्रेषण परमादेश समेत, *पंकज राणा वि.व्यवस्थापक, क्यासिनो तारा होटल ह्यात रिजेन्सी बौद्ध, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं. WO-११५२, परमादेश समेत, *लेखनाथ न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मानव स्रोतको विकास गरी समाज र राष्ट्रको उत्थान गर्न शिक्षाको अपरिहार्यता रहेकोले मानिससँग शिक्षाको अन्योन्याश्रित सम्बन्ध रहेको कारण यसलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको, संविधानले प्रत्याभूत गरेको निःशुल्क शिक्षा प्राप्त गर्ने हकलाई कानूनद्वारा व्यवस्थित गरी अर्थ सुलभ बनाएको नदेखिएकोले नेपालको अन्तरिम संविधान २०६३ को धारा १७(२) को निःशुल्क शिक्षासम्बन्धी मौलिक हक र International Covenant on Economic Social and Cultutral Right (CESCR) १९६६ को धारा १३ (२) (ख) को व्यवस्थाअनुसार निजी लगानी र व्यवस्थापनबाट सञ्चालित विद्यालय बाहेक सरकारी तथा सामुदायिक विद्यालयहरूमा माध्यमिक विद्यालय तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु र सोको लागि आवश्यक पर्ने तत्सम्बन्धी कानून समेत बनाउनु भनी निवेदन मागबमोजिम शिक्षा तथा खेलकुद मन्त्रालय समेतको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. ००२५ (०६०३) उत्प्रेषण परमादेश, *रामचन्द्र साह समेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

कार्यपालिकाले कार्यकारिणी अधिकारमार्फत् राज्य सञ्चालन गर्ने सिलसिलामा नीति तथा कार्यक्रम बनाउँदा, योजना बनाउँदा, रकम बाँडफाँड गर्दा र छुट्ट्याउँदा नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ लाई मार्गदर्शन र मध्यनजरमा राखी राज्य सञ्चालन गर्नुपर्छ । व्यवस्थापिकाले भाग ४ को व्यवस्थालाई क्रमशः लागू गर्न आवश्यकताअनुसार कानून निर्माण गर्नुपर्छ भने यस अदालतले भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिको व्याख्या गर्दा भाग ३ को मौलिक हकको व्यवस्थालाई मध्यनजरमा राखी मौलिक हकलाई अझ बढी Enumerate गर्दै जाने गरी व्याख्या गर्नुपर्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम समानुपातिक र समावेशिताको आधारमा आर्थिक र शैक्षिक दृष्टिले राज्यसंरचनामा पछि परेका महिला, मधेशी, आदिवासी, जनजातिलगायतका पिछडिएका नागरिकहरूलाई राज्यको संरचनामा समानुपातिक,

समावेशी रूपमा सहभागी गराउन ऐन संशोधन गरेर मात्र विज्ञापन गर्नुपर्ने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६३-CI-०४६२, जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाऊँ, *कतवारी कोहाइन समेत वि. गोमती बनिया समेत*

अदालतबाट भैआएको नक्सा अवलोकन गर्दा वादीले पश्चिमतर्फ दावी गरेको न.नं. २६ को जग्गा हेर्दा सो जग्गा न.नं. २५ को जग्गाको अवस्थितिको आकृतिसँग सोझो रूपमा मिलेको अवस्था देखियो । सो जग्गालाई वादीको दावीबमोजिम ठहर गर्दा न.नं. २५ का जग्गाको साथै वादीको न.नं. २७ को जग्गाको सीमाना सोझो नभई अमिल्दो देखिन आउँछ । सर्भे नक्साबाट वादीको जग्गाको पश्चिम सीमाना सोझो रहेको देखिएको र विवादित न.नं. २६ को जग्गा वादीको मानेको खण्डमा सर्भे नापीको नक्सा ट्रेसअनुरूप वादीको जग्गाको पश्चिमी सीमाना मिल्न आउँदैन । सर्भे नापीको समयमा जग्गाधनीले देखाएअनुरूप जग्गाको नापी नक्सा भएको हुन्छ । जग्गाधनी उपस्थित नभएको अवस्थामा भएको नक्सामा जग्गाको क्षेत्रफल वा सीमानाअनुरूप नापी नभएमा कानूनबमोजिम नक्सा सच्याउन सकिने हुन्छ । तर, सर्भे नापीमा भएको नक्सालाई स्वीकार गरेपछि अहिले आएर सो नक्साअनुरूप कायम भएको सीमानालाई नमान्ने भन्न मिल्दैन । जग्गाको क्षेत्रफल र अवस्थितिको आधारभूत प्रमाण नै नापी नक्सालाई मान्नुपर्ने हुन्छ । पुनरावेदक वादीले आफ्नो भनी विवाद जनाएको न.नं. २६ को जग्गा वादीको कि.नं. २१७ को जग्गाको सर्भे नक्साको प्रकृतिसँग मेल खाने अवस्थाको देखिन नआई न.नं. २५ को जग्गाभित्र परेको सर्भे नापीको नक्सा ट्रेसबाट देखिएको हुँदा सो जग्गा वादीको भन्न नमिल्ने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८१८२, जग्गा नापनक्सा दर्ता समेत गरी जग्गाधनी प्रमाणपत्र पाऊँ, *नरबहादुर सूर्यवंशी मगर वि. टंकबहादुर टण्डन समेत*

स्पष्ट रूपमा किल्ला उल्लेख नभई कुनै जग्गाको सम्बन्धमा भएको फैसलाको आडमा फरक किल्ला भएको अर्कै जग्गा देखाई अपुष्ट दावी गर्दैमा सोही जग्गाको सम्बन्धमा फैसला भै पुनरावेदकको हक कायम भएको मान्न नमिल्ने ।

दर्ता बिना तिरो तिरेकै भए पनि यो स्वामित्वको आधार बन्न सक्तैन । जग्गाको स्वामित्वको मूल निर्धारक दर्ता हो, त्यसलाई पुष्टि गर्ने आधार मात्र तिरो र भोग हुन् । दर्ता स्थापित हुन नसकेको तिरो तिरेको निस्सा हुनु वा नहुनुले कुनै प्रमाणिक अर्थ राख्दैन । त्यसमा पनि नापीमा जंगल भनी जनिएको जग्गा नापजाँच हुँदा के कति कारणले आफूले नापी गराउन नसकेको हो भन्ने समेत पुनरावेदकले स्पष्ट खुलाउन सकेको देखिँदैन । यसको साथै विवादित जग्गाको क्षेत्रफल २१८ रोपनी भन्ने देखिन्छ । तर, सो जग्गाको रू. ।२५ मात्र तिरो लागेको भन्ने पुनरावेदकको भनाइ रहेको अवस्था छ । तिरो र जग्गाको क्षेत्रफलमा पनि तादात्म्यता देखिन आवश्यक छ । त्यति ठूलो क्षेत्रफलको जग्गामा थोरै तिरो रकम लाग्ने भन्ने पुनरावेदकको भनाई विश्वासिलो समेत देखिन नआउने हुँदा विवादित जग्गा यी पुनरावेदकका नाममा दर्ता गर्न नमिल्ने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल चैत १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. २०६५-CI-०७८१, अंश चलन, *जगतगोविन्द श्रेष्ठ वि. रामकृष्ण श्रेष्ठ*

आमाको सम्पत्ति अपुतालीको माध्यमबाट भोग गरेको अवस्थालाई वादीले अंशको सम्पत्ति भोग गरेको भन्न मिल्ने देखिन आएन । मुलुकी ऐन, तत्कालीन अंशबण्डाको महलको १ नं. बमोजिम अंशबण्डा गर्दा बाबु, आमा, लोग्ने, स्वास्नी, छोराहरूको जियजियैको अंश गर्नुपर्ने कानूनी व्यवस्था भैरहेको देखिएकोमा

आमाले आफ्नो अंश लिई छोडपत्र गरी दिएकै आधारमा छोराले पनि अंश लिएको भनी अर्थ गर्न नमिल्ने ।

सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति समेत सगोलकै हुन्छ । सगोलको अंशियारले सगोलको सम्पत्ति अन्य अंशियारको मञ्जूरी नलिई सगोलको कुनै अंशियारको नाममा जुनसुकै व्यहोराले हस्तान्तरण गरे पनि मञ्जूरी नहुने अंशियारले सो सम्पत्तिबाट अंश हक समाप्त हुनसक्ने हुँदैन । मानो छुट्टिएपछि सगोलको सम्पत्ति राख्ने अंशियारले सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति बाहेक आफ्नो निजी ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको वा कसैबाट निजी तवरमा दान, बकस वा अपुतालीमा प्राप्त गरेको पुष्टि भएमा त्यस्तो सम्पत्ति अंशबण्डाको महलको १८ नं. बमोजिम निजी आर्जनको सम्पत्ति मानिने र त्यस्तो सम्पत्ति अन्य अंशियारहरू बीच बण्डा लाग्न सक्ने हुँदैन । पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा दावी गरेको सम्पत्ति सगोलको सम्पत्तिबाट बढे बढाएको नभई आफ्नो निजी ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको वा कसैबाट निजी तवरले दान, बकस वा अपुतालीको पाएको प्रमाण पेश गरी आफ्नो दावीलाई प्रमाणित गरेको नदेखिँदा निजी आर्जनको अपुष्ट जिकीर लिनुलाई नै पर्याप्त मान्न मिल्ने देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

- यसै लगाउको दे.पु.नं. २०६५-CI-०७८३, लिखत बदर, *जगतगोविन्द श्रेष्ठ वि. रामकृष्ण श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं.२०६७ CI-०३३०, अंश लिखत बदर, *खेदन साह वि.सुनीता साह समेत*

अंशबाट साम्पत्तिक लाभ प्राप्त हुने र त्यसको उपभोग अंशियारहरूले समान रुपमा गर्न पाउनु पर्ने ।

आफ्नो जानकारीमा नरहेको तथा आफूहरूलाई जानकारी नगराई पारीत गरिएको लिखतको अस्तित्वको वोध लिखत पारीत गर्दाकै अवस्थामा हुने अवस्था हुँदैन । यस अवस्थामा प्रत्यर्थी वादीहरूले प्रतिवादीहरूउपर अंशमा दावी गरी नालिश दिएपछि मात्र प्रतिउत्तरपत्रमा सो विवादित भरपाइको अस्तित्व वोध गराएको भन्ने वादीहरूको भनाई अन्यथा देखिन आएन ।

प्रतिवादी अच्छेलालले नगद लिएको भनी अंश बुझेको भरपाई गरी दिएको र निजको नाममा कुनै सम्पत्ति रहेको, नगद लिई वादीहरूको हकहितमा समेत खर्च गरेको भन्ने नै नदेखिएपछि प्रतिवादी अच्छेलालको अंश भागबाट अंश पाउने यी वादीहरूको साम्पत्तिक अधिकार समेत समाप्त हुने अवस्था देखिन आयो । अंशको हक कानूनबमोजिम वाहेक स्वतः समाप्त हुन नसक्ने ।

निम्न लगाउका मुद्दामा समेत यसैअनुरुप निर्णय भएका छन्:

- दे.पु.नं.२०६७ CI-०३२९, अंश चलन, *खेदन समेत साह वि.सुनीता साह समेत*
- दु.फौ.पु.नं.०६७-CI-०२४३, जालसाज, *खेदन साह वि.सुनीता साह समेत*

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं.२०६५ CI-०७८२, कित्ताकाट नामसारी दर्ता, *जगतगोविन्द श्रेष्ठ वि.पूर्णमाया चनसंख श्रेष्ठ समेत*

प्रमाणमा आएको यिनै प्रतिवादी समेतका उपर पूर्णमाया चनशंख समेत दुई जनाले दिएको २०५२ सालको दे.नं. ६८९ को अंश मुद्दामा यी पुनरावेदक प्रतिवादी समेतले २०५२।७।१० मा भक्तपुर जिल्ला अदालतमा फिराएको प्रतिउत्तरपत्रको प्रकरण २(क) मा उक्त लिखत रजिष्ट्रेशनको महलअनुसार रजिष्ट्रेशन पास हुनु पर्दछ, अन्यथा त्यस्तो कागज गरेकै भए पनि सो कागजले कानूनी मान्यता पाउन सक्दैन भनी उक्त लिखतको कानूनी अस्तित्वलाई अस्वीकार गरिरहेको समेत पाइयो । सो लिखतबाट भोगचलनको लागि बाँडफाँडसम्म गरेको भनी वादीहरूले भनेको अवस्था छ । यसरी एकातर्फ २०३५।३।१४ को लिखतको कानूनी अस्तित्वको प्रश्न

रहिरहेको छ भने अर्कोतर्फ कुनै फैसलामा सो लिखतलाई अन्य प्रमाणमा निर्भर रहेको सापेक्षित सन्दर्भ उल्लेख गरेकै आधारमा विवादित जग्गाको नापी दर्ता समेतबाट स्थापित भएको स्वामित्व र हक हिस्सामा हक छोडेको कानूनी आधार विना अन्यथा अर्थ गर्न नमिल्ने ।

विवादित जग्गाहरू दशकुमार, बुद्धिमान र कालिदासको संयुक्त नाममा दर्ता भएको देखिएको र अंश छुट्टिसकेको अवस्थामा दर्तावालाहरूको वरावर भाग लाग्ने नै देखिँदा कालिदाशको भागको जग्गामा निजका पत्नी तथा छोराले दावी गर्न सक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** दे.पु.नं.२०६४ सालको CI-०१५९, वार्दली हटाई पाऊँ, *रामलालको मु.स.गर्ने मञ्जुराम महर्जन वि. मीरा चित्रकार*

नगरक्षेत्रभित्र कुनै पनि संरचना बनाउने, थपघट, हेरफेर गर्नलाई समेत सम्बन्धित निकायको अनुमति लिनुपर्ने अनिवार्य कानूनी व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ ले समेत गरेको छ । यदि कसैले सम्बन्धित निकाय नगरपालिकाको अनुमति विना कुनैपनि संरचना वनाउने समेतका कार्य गरेमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) बमोजिम नगरप्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिनुपर्नेछ भन्ने अनिवार्य कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीको जस्ताको छानाले वादीको घरसम्म छोएको र सो वरण्डा तथा छानो गल्ली माथि पर्ने र मापदण्डविपरीत देखिएकोले सो नक्सा पास नगरी बनाएका वरण्डा तथा जस्ताको छाना स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) बमोजिम भत्काई दिनु पर्ने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल वैशाख ६ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.पु.नं.२०६५ CR-०६१०, जीउँदो वालक फालेको, *नेपाल सरकार वि.धौलीदेवी विष्ट समेत*

घटना वारदातको सत्यता अनुसन्धान प्रक्रियाबाटै स्थापित हुने हुँदा वारदातको वास्तविकतालाई अनुसन्धानको चरणबाट अलग गर्न सकिदैन । कसैउपर कुनै कसूरको आरोप लगाई पक्राउ गरी हिरासतमा राख्नु र निजहरूको वयान लेख्नुले अनुसन्धान भरपर्दो र विश्वासिलो हुन सक्दैन । आरोप लगाएपछि सोको सत्यताको परीक्षण अनुसन्धानको क्रममा हुनु जरुरी हुन्छ । आरोप वास्तविक भए नभएतर्फ मौका अनुसन्धानकै चरणमा विचार गरिनु पर्दछ । वारदातको प्रकृतिअनुसार के कसरी अनुसन्धान गर्नुपर्ने भन्नेतर्फ मार्गदर्शन गर्नु सरकारी वकीलको कर्तव्य हुन आउँछ । कानूनी व्यवस्थामा वाध्यात्मक रूपमा कर्तव्य नतोकेको अवस्था भए पनि जिम्मेवार पदाधिकारीले उक्त कानूनी प्रावधानलाई निष्क्रियताको रुपमा लिन नमिल्ने ।

अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्वन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु पर्दैन । एकपटक साक्षी अदालतमा दाखिला गराउँदैमा साक्षीको वकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने ।

इजलास अधिकृतः दीपकुमार दाहाल

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०००४, प्रतिषेध समेत, *सन्तु शाह समेत वि.महानगरीय प्रहरी परिसर जावलाखेल समेत*

निवेदकहरूलाई अनधिकृत रुपमा आफूसमक्ष झिकाउने पत्राचार गर्ने जिल्ला प्रशासन कार्यालय,

वीरगञ्ज पर्साले आफ्नो कार्यका सम्बन्धमा परेको उजूरीमा लिखित जवाफ नलगाई जवाफदेही समेत पालन नगरी लापरवाहीपूर्ण कार्य गरेको, निवेदकहरू र विपक्षीहरूका बीच जग्गा खरीद विक्री गर्ने सम्वन्धमा गरेको वैनाको कागज र कागजअनुसारको काम भयो वा भएन भन्ने विषयमा उजूरी लिई कारवाही गर्ने अधिकार वर्तमान कानूनले जिल्ला प्रशासन कार्यालयलाई प्रदान गरेको नदेखिएको सन्दर्भमा रिट निवेदकउपरको जग्गा र लेनदेनसम्बन्धी विषयको उजूरी लिई कारवाही प्रारम्भ गरी रिट निवेदकलाई दाखिल गराई दिन जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखेको पत्र, सो पत्रअनुसार जिल्ला प्रशासन कार्यालय, ललितपुरले जिल्ला प्रहरी परिसरलाई लेखेको पत्र र जिल्ला प्रहरी परिसरले निवेदकहरूलाई पक्राउ गरी जिल्ला प्रशासन कार्यालय, पर्सामा हाजिर हुन जाने भनी गराएको कागज समेत गैरकानूनी एवं अनधिकृत हुँदा जिल्ला प्रहरी परिसरले जिल्ला प्रशासन कार्यालय, पर्सामा हाजिर हुन जाने भनी गराएको कागज समेत सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०६०८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.उदयबहादुर भन्ने उदुबहादुर वली*

प्रतिवादीहरू उदुबहादुर र बलिराम खुना थारूले मौकामा भएको बयान कुटपीटबाट गराएको भनी अदालतमा कसूरमा इन्कार रहे पनि सो इन्कारी प्रमाणबाट पुष्टि भएको देखिन आएन । निजहरूको मौकाको वयानमा उल्लिखित व्यहोरालाई मिसिल संलग्न अन्य प्रमाणहरूबाट क्रमवद्धरुपमा समर्थन गरिरहेको अवस्थामा अदालतमा गरेको वयानमा लिइएको अपुष्ट जिकीरकै भरमा निजहरूलाई निर्दोष मान्न मिलेन । प्रतिवादी दुवैको आपराधिक कार्यमा सहभागिताको अवस्था पृथक-पृथक नभै समान प्रकृतिको देखिन आएकाले निज प्रतिवादीहरूले अभियोग दावीबमोजिम कसूर गरेको देखिने ।

अर्की प्रतिवादी तिर्थीकुमारी वि.क.को हकमा विचार गर्दा, निजले मौकाको बयानमा प्रतिवादीमध्येका उदुबहादुर वलीसँग अनैतिक सम्बन्ध रहेकै अवस्थामा राति मृतक लोग्नेले देखेको र सो सम्बन्धमा गाउँसमाजमा छलफल भएको भन्ने स्वीकार गर्दै लोग्नेको हत्या सम्बन्धमा आफ्नो कुनै संलग्नता नरहेको भनी उल्लेख गरेको पाइन्छ । निजको अदालतमा भएको बयानमा प्रतिवादी उदयबहादुर भन्ने उदुबहादुरसँग एउटै गाउँमा भएकोले आवतजावत, घरायसी सामान पैसा लिनुदिनुसम्मको सम्बन्ध भै मृतकलाई मार्न आफ्नो कुनै संलग्नतना र सहयोग नभएको भनी अभियोग दावी बाहेक निजको प्रस्तुत घटना वारदातमा संलग्नता भएको भन्ने तथ्य मिसिलसंलग्न कुनै प्रमाणले देखाएको छैन । जाहेरवालीले मौकाको जाहेरीमा निजकी सौता अर्थात् यी प्रतिवादी पनि मृतकलाई घरबाट लगेको अवस्थामा अन्य प्रतिवादीहरूसँग रहेको भन्ने खुलाएको अवस्था छैन भने प्रतिवादीहरू उदुबहादुर र बलिराम खुना थारूको मौकाको बयानबाट समेत घटना वारदातमा निजको संलग्नता भएको भन्नेसम्म मिसिलबाट देखिन आउँछ । आरोप लगाइएको कसूर गरेको भनी प्रत्यक्ष रुपमा वा परिस्थितिजन्य रुपमा पुष्टि भएको नदेखिएको अवस्थामा कसैलाई अपराधको अभियोग लगाएकै भरमा सजाय गर्नु फौजदारी कानून, दण्डसम्बन्धी सिद्धान्त र न्यायिक मान्यता कै विपरीत हुन जाने हुन्छ । यी प्रत्यर्थी प्रतिवादी तिर्थीकुमारी वि.क. को प्रस्तुत घटना वारदातमा संलग्नता भएको देखिने कुनै प्रमाण मिसिलबाट नदेखिँदा अपुष्ट अभियोग दावीकै भरमा निजले पनि कसूर अपराध गरेको मान्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०१२०, ०४८०, अंश दपोट, *हरिनारायण साह वि.रामभजन साह, महेन्द्रप्रसाद साह वि.रामभजन साह*

वादीले दावी लिएको घर जग्गा सर्भेनापी नभएको गाउँ ब्लकभित्रको देखिएको घरजग्गा वादी

प्रतिवादीको समान अंश हक लाग्ने देखिएको वादी प्रतिवादीबीच चलेको दे.नं. १६७५ र १५९८ को अंश मुद्दामा आफ्नो अंश हक लाग्ने जग्गाको विवरण पेश गर्नुपर्ने जिम्मेवारी दुवै पक्षमा समान रहने देखिएको अवस्थामा सोअनुरुप तायदातीमा पेश भएको देखिएन । तसर्थ विवादित घरजग्गा एकासगोलको देखिएको र बण्डा भइसकेको नदेखिएकोले वादी प्रतिवादीबीच बण्डा हुनुपर्ने ।

इजलास अधिकृतः वासुदेव पौडेल

कम्प्युटरः वेदना अधिकारी

इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६२ दे.पु.नं. ८११७, खिचोला मेटाई हक कायम, *रत्नमाया महर्जन वि.नन्दबहादुर महर्जन*

प्रमाणमा आएको मालपोत कार्यालय ललितपुरको मिसिल हेर्दा शे.व.पाउने नमसिंको हक खाने यी वादी नन्दबहादुरले तिरो तिरेका रसिदहरू प्रमाण मिसिलबाट देखिन्छ भने कतिपय जग्गाहरू नापीको समयमा आ-आफ्ना नाममा नापी गराएको अवस्था पनि छ । यसरी हेर्दा यी वादीका वावुले शे.व.पाएको जग्गा निजको हक खाने छोराले नपाउने भन्ने अवस्था रहन सक्दैन । प्रत्येक कित्ताहरूमा उल्लिखित फिल्डवुकको व्यहोरा, साविक स्रोत, साविक लगत र तिरो तिरेका रसिदहरू तथा नापीको समयमा फिल्डवुकमा लेखिएका व्यहोार तथा २ नं. अनुसूचीहरूबाट पनि दावीका जग्गाहरू वादीको नाममा हक कायम हुनुपर्ने स्पष्ट देखिन्छ । शेषपछिको वकसपत्र लिखतमै ठूलो कुम्हाचा आफ्नो अंश लिई भिन्न वसेको भन्ने कुरा स्पष्ट रुपमा उल्लेख भएको पाइयो । यसरी हेर्दा पनि यी प्रतिवादी तर्फका सन्तान शे.व. दिनुभन्दा अगाडि नै छुट्टी भिन्न भैसकेका रहेछन् भन्ने देखिँदा सोअनुरुप नमसिंका नाममा शे.व.बाट आउने सम्पत्ति नमसिंका छोरा नन्दबहादुरका नाममा नापी हुनु अन्यथा नहुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

१६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८४९४, अंश, *कृष्णहरि श्रेष्ठ वि. दानबहादुर श्रेष्ठ*

पुनरावेदक वादीले कि.नं. १३८१ को घरजग्गा, कि.नं. १३३४, १३३५ र १३२३ को सम्पत्ति बण्डा नलाग्ने ठहऱ्याएको फैसलाउपर पुनरावेदन गरेको देखिन्छ । मुद्दा विचाराधीन रहेको अवस्थामा प्रत्यर्थी प्रतिवादीमध्येका दानबहादुर श्रेष्ठको कि.नं. १३८१ को हकमा बाँकी राखी अन्य प्रत्यर्थी प्रतिवादीहरू र वादीका बीचमा मिति २०६३।९।११ मा यस अदालतमा मिलापत्र भैसकेको देखिँदा कि.नं. १३८१ को जग्गाको हकमा सीमित रही निर्णय गर्नुपर्ने देखियो । प्रत्यर्थी प्रतिवादी दानबहादुरको नामको उक्त कि.नं. १३८१ को जग्गालाई शुरू जिल्ला अदालतले बण्डा लाग्ने ठहऱ्याएकोमा सोउपर प्रतिवादी दानबहादुरको पुनरावेदन परेको देखिँदैन । तर पनि पुनरावेदन अदालतले सो जग्गालाई बण्डा नलाग्ने ठहऱ्याएको पाइन्छ । आफूलाई चित्त नबुझेको फैसलाउपर कानूनबमोजिम पुनरावेदन लाग्ने अवस्थामा पुनरावेदन गर्नु सम्बन्धित पक्षको अधिकारको विषय हो । पुनरावेदन गर्न पाउने अधिकार कानूनले उपलब्ध गराएको विषय भएको हुँदा सो अधिकारको उपभोग गर्न वा परित्याग गर्न सकिन्छ । शुरूको फैसलाउपर पुनरावेदन नगरी सो गर्न पाउने अधिकारको उपभोग नगरेको अवस्थामा शुरू जिल्ला अदालतले गरेको फैसलालाई स्वीकार गरेको मान्नुपर्ने हुँदा आफ्नो नाम दर्ता कि.नं. १३८१ को जग्गाबाट वादीले बण्डा छुट्याई लिन पाउने फैसलालाई प्रतिवादी दानबहादुरले स्वीकार गरी बसेको र सो सम्बन्धमा पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन तहको अदालतले अ.बं. १८४क नं. ले पुनरावेदन दावी र विषयवस्तु बाहिर गई अन्तिम र पक्षहरूबीच मान्य रहेको विषयमा शुरू फैसलाको प्रतिकूल निर्णय गर्न सक्ने अवस्था कानूनतः हुने देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ८२८०, अंश चलन, *रामशरण श्रेष्ठ भुजू समेत वि. कृष्णबहादुर श्रेष्ठ* पुनरावेदन नं.०६३-CI-०००२, *कृष्णबहादुर श्रेष्ठ वि. दानबहादुर श्रेष्ठ समेत*
- देवानी पुनरावेदन नं. २०६३-CI-०००३, अंश चलन, *कृष्णबहादुर श्रेष्ठ समेत वि. दानबहादुर श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** पुनरावेदन नं. ०६५-CR-००६६, CR-००६७, नकबजनी चोरी, *बृजकिशोर दास तत्मा वि. नेपाल सरकार, कमोद मुखिया बिन वि. नेपाल सरकार*

प्रतिवादीमध्येका वृजकिशोर दास जाहेरवाला दीपककुमार गुप्ताकै पसलमा काम गर्ने गरेको भन्ने तथ्य निज प्रतिवादीकै बयानबाट देखिन आएकोले सो पसलको बारेमा पर्याप्त जानकारी राख्न सक्ने र साबुनमा सो पसलको साँचोको छाप लगाउन कुनै कठिनाई हुने अवस्था देखिँदैन । अर्कोतर्फ घटनास्थल प्रकृति मुचुल्काबाट जाहेरवालाको पसलको ढोकाहरू तोडफोड गरेको नदेखिई कोठाभित्रको सेफ मात्र तोडफोड भएको अवस्थाले नक्कली साँचो बनाई पसलको ढोका खोली चोरी गरेको भन्ने प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको मौकाको बयानलाई समर्थित गरेको अवस्था देखियो । यसरी प्रतिवादीहरूले मौकामा गरेको बयानको व्यहोरालाई घटनास्थलको प्रकृति, चोरी भएका सामानको बरामदी तथा जाहेरवालाको सनाखत एवं बकपत्रले समर्थन गरिरहेको अवस्थामा अदालतमा गरेको इन्कारी बयानकै भरमा यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न नमिल्ने ।

प्रतिवादी कमोद मुखिया विनको साथै प्रतिवादी वृजकिशोर दास तत्माले समेत मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. विपरीत कसूर गरेको हुदा ऐ. को १४(१) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको साधक नं. RC-००८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमित्रादेवी ठाकुर समेत*

जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान, जाहेरवाला, चश्मदिद् गवाह र वस्तुस्थिति मुचुल्काका मानिसहरूले गरिदिएको बकपत्र समेतका मिसिल संलग्न कागजातबाट प्रतिवादी सुमित्रादेवी ठाकुर र जीवछ ठाकुरकै कर्तव्यबाट मृतक पिताम्बर ठाकुरको मृत्यु भएको भन्ने पुष्टि हुन आएबाट प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने ।

मृतक र प्रतिवादीहरू एकासगोलका अंशियार रहेको तथा प्रतिवादीहरू दाजु, भाउजू र मृतक भाइ देवर नाताका व्यक्ति रहेकोमा विवाद देखिएन । अंश लिनुदिनुसम्बन्धी विषयमा विवाद उत्पन्न भई आपसी भनाभन बढ्दै जाँदा तत्काल उठेको आवेशलाई थाम्न नसकी प्रतिवादीहरूले प्रहार गरेको चोटको कारण मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीहरूले मृतकलाई मार्नुपर्ने सम्मको कारण समेत रहे भएको र त्यसअनुरूप योजना बनाई कर्तव्य गरी मारेको समेत देखिँदैन । तसर्थ आपसी विवादका कारण भावावेशमामा आई प्रहार गर्दा मृतकको मृत्यु हुन गएको देखिएबाट प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा निजहरूलाई अ.वं १८८ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-००२७, अंश, *पर्वनाथ जोशी समेत वि. मनरूपा न्यौपाने*

शुरू फैसलामा चित्त नबुझी प्रतिवादीमध्येका पर्वनाथ जोशीको मात्र पुनरावेदन परेकोमा पुनरावेदन

अदालत, महेन्द्रनगरले पुनरावेदन नगर्ने गजेन्द्र र जानकीलाई अ.बं. १३९ नं. बमोजिम नबुझी निजहरूको नाउँको जग्गा समेतबाट वादीले बण्डा छुट्याई लिन पाउने ठहऱ्याई फैसला गरेको प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखियो । जुन व्यक्तिका नाउँको जग्गाबाट वादीले बण्डा छुट्याई लिन पाउने ठहरेको हो ती व्यक्तिहरूलाई बुझ्दै नबुझी उनीहरूको हक हितमा असर पर्ने गरी फैसला गर्नु न्यायोचित् नहुने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको साधक नं. RC-००८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यज्ञबहादुर खत्री*

प्रतिवादीले हँसिया प्रहार गरी आफ्ना बाबुको हत्या गरेको पुष्टि भएबाट अभियोग माग दावीअनुसार प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने । प्रतिवादीको मिति २०६४।१२।११ मा मृत्यु भै सकेको भन्ने मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय, सिन्धुलीको मिति २०६४।१२।१४ को पत्रबाट देखिँदा प्रतिवादीका नाउँमा लगत कायम राखी रहनु नपर्ने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. CI-०७५२, अबण्डा जग्गा बण्डा जग्गा खिचोला हक कायम, *लक्ष्मी गोप यादव समेत वि. नारायण यादव*

विवादित जग्गा गाउँ ब्लकभित्रको देखिएको, उक्त जग्गा अंशियारामध्येकै यी पुनरावेदक प्रतिवादी लक्ष्मी गोपका नाउँमा भै भोगमा रहेको देखिएको, बण्डापत्रमा विवादित जग्गाका सम्बन्धमा केही कुरा उल्लेख भएको नदेखिएको, विवादित ब्लक नं. १७० को जग्गा साविकमा वादी प्रतिवादीका बाजेको नाउँमा दर्ता कायम भएको देखिएको, हाल उक्त जग्गामा वादी प्रतिवादी दुबै थरको घर तथा बसोबास रहेको भन्ने अदालतको नक्सा, गा.वि.स.को पत्र एवं सर्जमिन व्यहोरा समेतबाट समर्थित भै रहेको देखिएकोले नक्सा कुण्डलीको न.नं. १ को ०-०-१५ जग्गामा प्रत्यर्थी वादीको अंश हक लाग्ने ।
इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. CI-१२२१, अंश दर्ता समेत, *रामबहादुर तामाङ वि.डिमा शेर्पा समेत*

वादीले अंश पाउने वा नपाउने भनी निर्णयमा पुग्न साक्षीको भनाईले तात्विक महत्व राख्दैन । यसका साथै फिराद दावी हेर्दा आफूलाई खान लाउन नदिई प्रतिवादीले घरबाट निकाला गरेकोले अंश पाऊँ भन्ने देखिन्छ । वादीको लालनपालन र स्वास्थ्योपचार आफूले गरिरहेकोले अंश दिनु नपर्ने भन्ने प्रतिवादीको जिकीर रहेको परिप्रेक्ष्यमा उक्त जिकीरको प्रमाण पुऱ्याउने भार प्रमाण ऐन, २०३१ को दफा २७(२) बमोजिम प्रतिवादीको हुनेमा त्यसतर्फ पुनरावेदन अदालतको फैसलामा ध्यान पुगेको देखिएन । यसका साथै साक्षी उपस्थित नगराएकै आधारमा कुनै अंशियारा अंशबाट वञ्चित हुन नहुने तर्फ ख्यालै नगरी अंशवण्डाको १० नं. समेतको त्रुटिपूर्ण व्याख्या गरी भएको पुनरावेदन अदालतको फैसला नमिल्ने हुँदा बदर हुने ।
इजलास अधिकृतः वासुदेव पौडेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०१३३, उत्प्रेषणयुक्त परमादेश, *कान्छाभाई प्रजापति समेत वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

मोहीले घर जग्गाधनीको मञ्जूरीबाट बनाएको भन्ने नदेखिएको र घरले ओगटेको जग्गाभन्दा पनि बाँकी जग्गा रहेको देखिएको अवस्थामा बाँडफाँडको प्रयोजनार्थ उक्त जग्गा के हुने, जग्गाको मूल्याङ्कन गर्दा ऐनमा व्यवस्था भएबमोजिम प्रचलित मूल्यका सम्बन्धमा भूमिसुधार कार्यलयको निर्णयमा विवेचना भएको

नपाईदा मोहीले विवादित जग्गामा घर बनाएकोले जग्गावालाले पाउने आधा जग्गाको मूल्यवापतको रकम मोहीबाट जम्मा गराई मोहीको नाउँमा पूरै कि.नं. ३७५ को जग्गा पर्ने गरी भूमिसुधार कार्यालय भक्तपुरबाट मिति २०६४।४।१३ मा भएको जग्गा बाँडफाँडको निर्णयसहितको कामकारवाही कानूनअनुरूपको नभै त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब रिट निवेदकहरूले दिएको जग्गा बाँडफाँडको निवेदन सम्बन्धमा जे जो बुझ्नुपर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी भूमिसुधार कार्यालय भक्तपुर समेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम् ।

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको WO-००२८, उत्प्रेषण परमादेश, *खगेन्द्र खड्का के.सी.समेत वि. भौतिक तथा निर्माण मन्त्रालय समेत*

निवेदक स्वयं जसले नगर विकास योजना कार्यान्वयन समितिको मिति २०६४।९।१७ को निर्णयबाट आफूहरू समेतको मौलिक हक हनन् भएको भन्दै यस अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट रिट जारी गरिपाऊँ भनी आएका छन् । उनीहरूलाई पटक-पटक पेसीको दिन अदालतबाट बोलाउँदा उपस्थित भई आफ्नो भनाई राख्न समेत नआएकोबाट पनि गाउँमा यस विषयसँग सम्बन्धित समस्याको समाधान छलफलबाट भएको भन्ने विपक्षीहरूको बहसको क्रममा व्यक्त भएको भनाईको पुष्टि हुन आएकोले प्रस्तुत रिट निवेदनको सम्बन्धमा उल्लिखित सम्पूर्ण कुराहरूको विश्लेषण गर्दा मागबमोजिमको रिट जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-WO-०४१९, उत्प्रेषणयुक्त परमादेश समेत, *समसुल होद्धा मिया तेली समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

विवादको विषयवस्तु सम्बद्ध सबूत प्रमाण बुझी सोको मूल्याङ्कनको आधारमा हक बेहकमा निर्णय गर्नु पर्ने प्रकृतिको देखिएकोले यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतको रिटक्षेत्र आकर्षित हुन सक्ने नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहे भएको देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६५-WO-०६११, उत्प्रेषणयुक्त परमादेश समेत, *समसुल होद्धा मिया तेली समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको CI-०२५०, मोही लगत कट्टा, *अनुठा वैठा धोवी वि. भोला राय यादव (ठूलो)*

२०२५ सालबाट मोहीले बाली नदिएको भन्ने जग्गाधनीले २०६५ सालमा मात्र आएर दावी लिएको र एकतर्फी रूपमा गाउँ विकास समितिको कार्यालय, सोनरनिया रौतहटले २०२५ सालदेखि विवादित जग्गा जग्गाधनीको जोतभोगमा रहेको भनी जोतभोग प्रमाणित गरी पठाएको मिति २०६५।२।१४ को पत्रको आधारमा मोहीले जग्गा कमाउन छाडेको भनी पुष्टि नभएको प्रमाणको आधारमा मोही लगत कट्टा गर्न मिलेन । विधिवत् रूपमा कायम रहेको मोही विधिसम्मत् तरिकाबाट हटाउन सकिने अवस्था स्पष्ट रूपमा नभएसम्म केवल वादी दावीकै भरमा दावीको जग्गाबाट मोही लगत कट्टा गर्न नमिल्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं.५१७, हक

कायम, खिचोला चलन दर्ता, *हरिनारायण महतो धानुक वि.गौरी महतो धानुक समेत*

अपुतालीको सम्वन्धमा मर्ने व्यक्तिको सँगसाथमा रही स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको पहिलो प्राथमिकता प्राप्त हकवाला व्यक्तिको रुपमा राखेको पाइन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा मर्ने व्यक्तिको कुनै छोरा सन्तान नभएको तथ्यमा विवाद भएन । मर्ने व्यक्तिको नजिकको हकदार को हुन् र निजको अपुतालीमा कसको स्वाभाविक हक लाग्छ भन्ने सन्दर्भमा हेर्दा प्रतिवादीहरू न त वादी हरिनारायणभन्दा नजिकका हकदार देखिन्छन् न त निजहरूले मर्ने व्यक्तिलाई स्याहार सम्भार गरेको भनी दावी नै लिन सकेको देखिन्छ । यस्तो अवस्थामा सुर्जी धनुकाइन मरी अपुतली परेको सम्पतिमा मर्ने व्यक्तिलाई स्याहार सम्भार गर्ने व्यक्ति वादी हरिनारायण महतोलाई स्वाभाविक हकदार मान्नु पर्ने ।

अंश र अपुतालीका विषयहरू झट्ट हेर्दा उस्तै देखिने भए पनि पृथक विषयहरू हुन् । अंशको विवादमा अंशियार हुनलाई नाता सम्वन्ध महत्वपूर्ण हुन्छ । तर अपुतालीको सम्वन्धमा स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको सम्पत्तिको हकदार मानिएको देखिन्छ । बाँचुञ्जेल मर्ने व्यक्तिलाई स्याहार सम्भार नगर्ने, आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दावी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने कुरालाई प्रस्तुत कानूनी व्यवस्थाले अनुमति दिएको नदेखिने ।

वादीको फिरादलाई उक्त अपुतालीको महलको २० नं.अनुसार तीन बर्षको हदम्यादको आधारमा फिराद खारेज गर्ने हो भने विवादित सम्पत्तिको वैधानिक हकवाला को हुने भन्ने विवाद टुङ्गो लाग्ने अवस्था भएन । साथै प्रतिवादीहरूले वैधानिक रुपमा फिराद दायर गरी दावी गर्न नसकेको सम्पत्तिमाथि अवैधानिक रुपले गरेको खिचोला कब्जालाई जायज ठहराउनु पर्ने अवस्था हुने भयो । जुन कानून र न्यायको दृष्टिमा सर्वथा उचित मान्न नमिल्ने ।

इजलास अधिकृतः- कमलप्रसाद पोखरेल

कम्प्युटरः- बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ७८५१, ८५७२, निर्णय दर्ता बदर हक कायम, *तिरेशप्रसाद खत्री वि. झरेन्द्र शम्सेर ज.ब.रा. झरेन्द्र शम्सेर ज.ब.रा. वि. तिरेशप्रसाद खत्री*

विवादमा रहेका ३ कित्ता जग्गाहरू समेत आफ्नो नाउँमा दर्ता गराउन यी पुनरावेदक वादी झरेन्द्र शम्सेर राणाले मिति २०४२।१०।२ मा नै निवेदन दिई कारवाही चलाएको र उक्त जग्गाहरू निजका नाममा दर्ता गर्ने गरी मिति २०४३।६।३ मा नै निर्णय भई सो निर्णय कायमै रहेको अवस्थामा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १२(क) को उक्त कानूनी व्यवस्था विपरीत उल्लिखित जग्गाहरू सो जग्गामा मोही यी पुनरावेदक प्रतिवादी तिरेशप्रसाद खत्रीका नाममा दर्ता गर्ने गरी २०५३।१।१७ मा उक्त मालपोत कार्यालय, डिल्लीबजारबाट निर्णय भएको देखियो । यस्तो अवस्थामा शुरू काठमाडौं जिल्ला अदालतले मालपोत कार्यालय, डिल्लीबजारबाट भएको मिति २०५३।१।१७ को निर्णय कायम रहने तथा वादी दावी नपुग्ने ठहऱ्याई गरेको फैसला मिलेको नदेखिएकोले सो उल्टी गरी मा.पो.का. को उक्त मिति २०५३।१।१७ को निर्णय र सोको आधारमा भएको यी पुनरावेदक प्रतिवादी तिरेशप्रसाद खत्रीका नामको उल्लिखित जग्गाको दर्ता समेत बदर हुने ।

मालपोत कार्यालय, डिल्लीबजारबाट विवादका जग्गा यी पुनरावेदक वादी झरेन्द्र शम्सेर ज.ब.रा.का नाममा दर्ता गर्ने गरी भएको मिति २०४३।६।३ को निर्णय कायम हुन नपर्ने भन्ने तर्फको प्रमाण प्रतिवादी मोहीबाट पेश हुन सकेको नदेखिएको अवस्थामा पुनरावेदक वादीले पहिल्यै दिएको निवेदनमा टुङ्गो लागेबमोजिम हुने ठहर्छ भनी यकीन निर्णय नगरेको हदसम्मको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी भई फिराद दावीबमोजिम विवादका कि.नं. ४, १६५ र १६७ का जग्गाहरू पुनरावेदक वादी झरेन्द्र शम्सेर ज.ब.रा.को हक कायम भई निजका नाममा दर्ता भई चलन समेत पाउने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको CR-०६९२, ००२२, कर्तव्य ज्यान तथा चोरी, *नेपाल सरकार वि. त्रिवेणी चौधरी, नेपाल सरकार वि. त्रिवेणी चौधरी*

प्रतिवादी त्रिवेणी चौधरीले हँसिया ढुङ्गा समेतले प्रहार गरी निर्मम तवरले हत्या गरी मृतकको शरीरको कपडा च्याती शरीर निर्वस्त्र पारी छोडेको र आफूले गरेको कसूर अपराध लुकाउन हल्ला फिँजाउने कार्य समेत गरेको भन्ने देखिँदा निज प्रतिवादी त्रिवेणी चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) अनुसारको कसूर अपराधमा सर्वश्वसहित जन्मकैद सजाय हुने। साथै चोरीतर्फ समेत मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम सजाय हुने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम्।

## इजलास नं. ३

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८२१९, ८३७३, रैकरको जग्गा लगत कट्टा समेत, *दीलिपकुमार भट्ट समेत वि.ऋद्धि राणा समेत, बलभद्र कुँवर गुठी ऐतिहासिक तथा धार्मिकस्थल संरक्षण परिषद्, काठमाडौं समेत वि. ऋद्धि राणा समेत*

आफूखुशी लेखिने चारकिल्ला र लालमोहर समेतका मुद्दा पर्ने धेरै वर्षअघिका लिखतमा उल्लिखित चारकिल्लामा आधारभूत अन्तर छ। कतैबाट पुष्टि गर्नु नपर्ने फिराद, निवेदन, राजीनामा बकसपत्र, र करारनामा आदि लिखतमा लेखिएका चारकिल्ला स्वयंमा निश्चयात्मक प्रमाण हुन सक्दैन। रजिष्ट्रेशनको १६ नं. ले यस्ता लेखिने किल्लाको स्वतन्त्र पुष्टि हुनुपर्ने स्वीकारेको छ। लालमोहर, काश्यपत्र, गुठीपत्र, दानपत्र, शिलालेख र ताम्रपत्र जस्ता मुद्दा पर्दा काम लाग्ला भन्ने उद्देश्यले खडा नगरिएका लिखतमा उल्लिखित चारकिल्लाको प्रामाणिक महत्व निश्चयात्मक हुन्छ। तर, यस्ता लिखतको सक्कल नहेरी केवल पक्षले लेखेको वा प्रतिलिपि भनी देखाएको आधारमा अदालतले न्यायिक धारणा बनाउन नसक्ने।

आफैंले प्रतिलिपि भनी पेश गर्ने पक्षसँग सो लिखत यदि भएको भए नरहने वा नहुने अवस्था पर्दैन। हकका स्रोत मानिएका यस्ता लिखतको फोटोकपी वा प्रतिलिपि मात्र हेरेर न्यायिक अवधारण बनाउन न्यायोचित हुँदैन। सो लिखत अदालतले पेश गर्न आदेश दिँदा पनि पेश नगर्नुबाट निजका विरूद्ध अवधारणा बन्दछ। प्रमाण ऐनको दफा ३५(१) बमोजिम सो लिखत पेश गरी पुनरावेदकहरूले प्रमाणित गराउन नसकेबाट त्यस्तो प्रमाणको अस्तित्व, आधिकारिकता र विश्वसनीयतामा नै प्रश्न खडा भएकोले प्रमाणका लागि ग्रहणयोग्य नदेखिने।

गुठी संस्थान ऐन, २०३३ को दफा ३९(१) को अधिकार गुठीको संरक्षणका लागि दिइएको हो, कुनै व्यक्ति विशेषको पृष्ठपोषण गर्न दिइएको होइन। न्यायिक अधिकार प्रयोग गर्ने निकाय वा व्यक्तिका आचार र व्यवहारमा निष्पक्षता, प्रमाणको मूल्याङ्कन गर्ने क्षमता र सक्षम निकायले विधिवत् रूपमा गरेका चुनौतिरहीत निर्णयको सम्मान गर्ने न्यूनतम् न्यायिक मान्यता प्रदर्शित हुनु पर्दछ। यसो हुन नसके अदालतका आँखामा त्यस्ता निर्णय आदेश त्रुटिपूर्ण तथा आपत्तिजनक भई बदरयोग्य हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३०८४, उत्प्रेषणयुक्त परमादेश, *रामनाथ कुर्मी समेत वि. तपसी कुर्मी समेत*

फैसला कार्यान्वयन रोकी पाउन र अंश मुद्दाको फैसला बदर गरी पाउन मुद्दा दिने यी निवेदकहरू सो अंश मुद्दाका मूल अंशियारहरूबीच मध्येकै अंशियार नदेखिई एक पुस्ता पछिका अर्थात् सो अघि मुद्दाका अंशियारहरू अंशबण्डा छुट्याई सकेपछि तीमध्ये कुनैको अंश हकबाट मात्र अंश पाउने दोस्रो पुस्ताका व्यक्तिहरू रहेको देखिन आउँछ। यसरी पहिलो पुस्ताभित्रका अंशियारबीच भएको अंशबण्डाको फैसलाको

कार्यान्वयनलाई सहायक अंशियार रहेको दोस्रो पुस्ताका यी निवेदकहरूले रोक्का वा मुल्तवी राख्न सक्ने नदेखिने ।

मुद्दा जितिसकेपछि पनि फैसला कार्यान्वयनमा आएर बाधा व्यवधान झेली मुद्दा सरलतातर्फ नभई झन्झन् जटिल बनाउँदै लैजाने यस्तो परिपाटीले छिटो न्याय सम्पादनको लक्ष्यको नतिजामा बाधा पुऱ्याउनु शिवाय केही होइन । मूल अंशियारहरूले फैसलालाई आत्मसात् गरिसकेको अवस्थामा दोस्रो पिँढीका व्यक्तिले बखेडा झिकी व्यवधान हाल्दैमा फैसला कार्यान्वयनलाई रोक्ने वा स्थगित गर्ने कुरामा जानु न्याय छिटो छरितो र सुलभ हुने मान्यताविपरीत हुने र मुद्दाको अन्तिम समेत नहुने हुदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको रिट नं. ३०८३, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रावतीदेवी कुर्मी समेत वि. तपसी कुर्मी समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको CI-०२५२, फैसला बदर, *चन्द्रावतीदेवी कुर्मी समेत वि. तपसी कुर्मी समेत*

बाबु प्रतिवादी भै चलेको अंश मुद्दामा तपसी कुर्मीका छोरा स्वास्नीलाई बुझिरहनु पर्ने अवस्था देखिन्न । किनभने तपसीको अंशभागबाट मात्र निजका छोरा स्वास्नीले भाग पाउने हो । तपसीले छोरा स्वास्नीको हकमा बेइमानी गरी मुद्दा हारेको भन्ने समेत नमिल्ने अवस्थामा पछिल्लो पुस्ताको छोरा स्वास्नीले मुद्दा चलाई बदर गराई पाउने अवस्था नरहने ।

अंश मुद्दाका दुई भिन्न एकासगोलका अंशियारहरू बीच बण्डा नभएको अवस्थामा अंश मुद्दाबाट बण्डा लाग्ने ठहऱ्याई मूल अंशियारका बीचमा भए गरेको बण्डा व्यवहारबाट पुनरावेदक प्रतिवादीहरूको हक हितमा असर परेको भन्ने अवस्था नदेखिँने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-१२७२, घरवासको मोही लगत कट्टा, *सुरजितकुमार सिंह राजपूत वि. ओसी महमद*

कि.नं. ३८/४३ को ०-१-१० को जग्गामा वादीको साविकमा र हाल घरवास रहेको भन्ने स्वयं वादीको तर्फबाट फिराद दावी लिन सकेको अवस्था छैन भने उक्त जग्गामा जग्गावालाको स्वीकृति लिई परापूर्वकालदेखि मोहीको हैसियतले घर समेत बनाई भोगी आएको भन्ने प्रतिवादीको जिकीर रहेको छ । फिल्डबुक एवं जग्गाधनी प्रमाणपूर्जा समेतबाट प्रतिवादी नथुनी मियाको नाम मोही लगतमा कायम रहेको मिसिल संलग्न स्रेस्ताबाट देखिएको र उक्त जग्गामा प्रतिवादीको तर्फबाट घर समेत बनाई परापूर्वदेखि बसोबास गरी निरन्तर भोगी आएकोमा वादीले मोही नथुनी मियाको मृत्युपश्चात् मौकामा बाधा विरोध गरी प्रतिवादीलाई मोही स्वीकार गरी आएको अवस्थामा हाल आएर विवादित जग्गाको मोही हकबाट प्रतिवादीलाई बञ्चित गर्नु कानून र न्यायको रोहमा समेत नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन २७ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप फैसला भएका छन् :

- २०६७-CI-१२७३, घरवासको मोही लगत कट्टा, *रञ्जितकुमार सिंह वि. तुजार मियाँ*
- २०६७-CI-१२७५, घरवासको मोही लगत कट्टा, *रञ्जितकुमार सिँह वि. मगनी मियाँ*
- २०६७-CI-१२७६, घरवासको मोही लगत कट्टा, *रञ्जितकुमार सिंह वि. गनी महमद मियाँ*

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-WO-१३४७, उत्प्रेषणयुक्त परमादेश, *बेचनी चौधरी वि. हिमालयन बैंक लि. केन्द्रीय कार्यालय समेत*

जितेन्द्र चौधरीले विपक्षीमध्येको हिमालयन बैंकसँग लिएको रू. ८,९०,९३११२६ ऋण कर्जाको साँवा

ब्याज भुक्तानी नगरेको अवस्थामा मूल ऋणी सरह निवेदिका बेचन चौधरीको आफ्नो नाउँमा दर्ता रहेको कि.नं. ३४ को ०-७-७ जग्गा धितो जमानतको कागज गरी मञ्जूरी दिएको अवस्थामा बैंकले आफ्नो ऋण कर्जा असूलउपर गर्न शर्तबमोजिम धितो सुरक्षणबापत रहेको जग्गा लिलामीको प्रक्रिया अवलम्बन गरी आफ्नो लेना असूलउपर गरी लिन पाउने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको CR-०२१६, लागू औषध (खैरो हेरोइन), *शान्तबहादुर भुजेल वि. नेपाल सरकार*

प्रतिवादी सवार वा. २४ प ८२४३ नं. को मोटरसाइकलबाट लागू औषध फेला परेको अवस्था, सो लागू औषध आफूहरूले ल्याएको भनी यी पुनरावेदक प्रतिवादी मौकामा सावित भएको र सो सावितीलाई इन्कारी बयानबाट खण्डित गर्न नसकेको अवस्था, सो बरामद भएको वस्तु लागू औषध हो भन्ने परीक्षणकालबाट पुष्टि भएको अवस्था तथा प्रतिवेदक भरतबहादुर वि.क. ले उपर्युक्तबमोजिम शुरू जिल्ला अदालतमा बकपत्र गरेको आधार समेतबाट यी पुनरावेदक प्रतिवादी शान्तबहादुर भुजेल अभियोगपत्र मागबमोजिमको कसूरमा संलग्न रहेको देखिँदा निजलाई अभियोगबमोजिम सजाय हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०४९२, उत्प्रेषण समेत, *नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि.वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख को व्यवस्थाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत आफैलाई निर्णय गर्ने अधिकार प्रदान नगरी सम्बन्धित निकायमा लेखी पठाउनेसम्म अधिकार दिएको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफैले निर्णय गरी निर्णयानुसारको कार्य गर्नु गराउनु भनी लेखी पठाएको कार्य मिलेको नदेखिने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ऐनबमोजिम सार्वजनिक अधिकारीको अनुचित कार्यबाट उत्पन्न दुष्परिणामसम्म सच्याउन सम्बन्धित अधिकारीसमक्ष लेखी पठाउने अवस्थामा अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने वा रद्ध गर्ने सम्वन्धमा कानूनबमोजिम अधिकारप्राप्त निकायको स्थानमा आफूलाई राखी आफैले निर्णय गरी सो निर्णयबमोजिमको कामकारवाही गर्नु गराउनु भनी लेखी पठाएको देखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय त्रुटिपूर्ण हुने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०६९०, ०६३४ कर्तव्य ज्यान, *राजु राई समेत वि.नेपाल सरकार, सरस्वती राई वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत कसूरमा सावित रही वयान गर्ने प्रतिवादीहरूले आफूहरूले मार्ने मनसायले नभई सतित्व रक्षाको लागि कुटपीट गरेको कुरा स्वीकार गरिरहेको अवस्था छ । मृतकको शरीरमा लागेको घाउचोट हेर्दा पनि निजको शरीरमा यत्रतत्र घाउचोट भएको देखिइरहेको भन्ने लाश जाँच मुचुल्काबाट देखिएको अवस्थामा यिनै प्रतिवादीहरू चोटबाट मृतकको मृत्यु हुन आएको देखियो । कुन प्रतिवादीको चोट गम्भीर रहेको थियो वा कुन प्रतिवादीको सामान्य प्रकृतिको थियो भनी पुनरावेदक प्रतिवादीहरूले पनि खुलाउन नसकेको अवस्थामा सबै प्रतिवादीहरू भै चोट छाडेको अवस्थामा प्रतिवादीहरूलाई समान कसूरदार कायम गरी सजाय हुने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०२१५, जीउ मास्ने वेच्ने, *धर्मसिँह भन्ने रेवते कुँवर समेत वि.नेपाल सरकार*

पीडितले यी प्रतिवादीहरू धर्मसिँह भन्ने रेवते कुँवर र दीपक कुँवरले आफूलाई मिलेमतो गरी भारत लगी बेचविखन गरेका हुन् भनी किटानी जाहेरी दिएकी तथा तत्कालै निजको उक्त जाहेरी व्यहोरासँग मेल खाने गरी बयान गरी उक्त बयान ऐनको रीतबमोजिम प्रमाणित पनि भै रहेको अवस्थामा सो वयान व्यहोरालाई बकपत्रमार्फत् थप पुष्टि गरिएको छैन भनी प्रतिवादीहरूले उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।

पीडितले दिएको जाहेरी व्यहोरा, निजको प्रमाणित वयान तथा मौकामा बुझेका व्यक्तिहरूको बयान एवं बकपत्र समेतबाट जाहेरी व्यहोरा एवं प्रमाणित वयान व्यहोरालाई अन्यथा भन्न नसकेको अवस्थामा प्रतिवादीले इन्कारी बयान गरेकै भरमा निजहरूले उक्त वारदात गरेका होइनन् भनी मान्न मिल्ने देखिन्न । आफूले कसूरबाट उन्मुक्ति पाउनु पर्दछ भनी जिकीर लिने प्रतिवादीहरूले सो तथ्य पुष्टि हुने ठोस सबूद प्रमाण स्वयं प्रतिवादीहरूले समेत गुजार्न सक्नुपर्ने ।

इजलास अधिकृतः विमल पौडेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको WO-११३२, उत्प्रेषणयुक्त परमादेश, *डा. पुण्यराज शाक्य वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय समेत*

निवेदकको अस्थायी र स्थायी गरी गरेको नोकरीको सेवा अवधि समेतबाट विशेष बढुवाको लागि चाहिने न्यूनतम् योग्यता पूरा गरेको देखिँदा न्यूनतम् योग्यता नपुगेको भनी अर्थ लगाउनु न्यायसँगत नदेखिने ।

सरकारी सेवाबाट विधिवत् रूपमा सेवा परिवर्तन गरेपछि निवेदकले प्राधिकरणमा नै काम गरे सरह मान्नुपर्ने र सरकारी सेवामा रहँदा स्थायी मानिएको सेवा अवधि प्राधिकरणको लागि अमान्य हुने वा अमान्य गर्न नहुने ।

नियमबमोजिम जोडाई सकेको नोकरी अवधिलाई विवादित विषय बनाई सम्भाव्य उम्मेद्वारबाट हटाउन मिल्ने नदेखिने ।

सरकारी सेवाबाट प्राधिकरणको सेवामा प्रवेश गर्नेको हकमा सरकारी सेवामा गरेको सेवा अवधिलाई पनि प्राधिकरणको कर्मचारी नियमावलीबमोजिम प्राधिकरणको सेवामा रहेसरह नोकरीको अवधि गणना गर्नु पर्नेमा सरकारी सेवाको अवधि बाहेक गरी प्राधिकरणमा गरेको वास्तविक सेवा मात्रै जोड्ने हिसाबले सञ्चालक समितिले निर्णय गरेको देखिन्छ । सञ्चालक समितिले गरेको त्यस्तो निर्णय प्राधिकरणको कर्मचारी नियमावलीले गरेको कानूनी व्यवस्थाप्रतिकूल रहेको हुँदा सो निर्णय नियमको मनसायअनुरूप भएको भन्ने नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-रिट निवेदन नं.०४०२ उत्प्रेषणयुक्त परमादेश, *दिनेश यादव वि. प्रशासकीय अदालत समेत*

विना जानकारी र विदा स्वीकृत विना सम्पर्क बाहिर बसेको यी निवेदकले गोरखापत्रमा प्रकाशित सूचनाको जानकारी भएन वा सफाइ पेश गर्न पाउने हकबाट बञ्चित गरियो भन्न नमिल्ने ।

रिट निवेदक ९० दिनभन्दा बढी अवधिसम्म अनुपस्थित रहेको आरोपमा कारवाही भएको छ । निजलाई दुई पटक स्पष्टीकरण माग गरिएको छ र अख्तियारवालाको निर्णयबाट निजलाई सेवाबाट हटाइएको छ भन्ने कुरामा कुनै शंका र द्विविधा नरहेकाले आफ्नो कानूनी हकको हनन् भयो भनी निवेदकले आधारहीन र अप्रासंगिक कुराहरू उल्लेख गरेको देखिएबाट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल वैशाख २० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-रिट निवेदन नं.०२२८ उत्प्रेषणयुक्त परमादेश, *डम्बरबहादुर भन्ने डम्बर कटुवाल वि. श्रम अदालत समेत*

कानूनले निर्धारित गरेको प्रक्रिया पूरा गरी निवेदकलाई स्पष्टीकरण समेत पेश गर्ने सुनुवाइको मौका प्रदान गरी, अधिकारसम्मत व्यक्तिबाट आधार र कारणसहित निर्णय गरी सेवाबाट हटाइएको र सोउपर पुनरावेदन परी पुनरावेदनको रोहबाट श्रम अदालतबाट अन्तिम भैसकेकोले कम्पनीबाट भएको निर्णय र श्रम अदालत समेतबाट भएको फैसलामा कुनै अधिकारक्षेत्रात्मक वा अन्य कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा उत्प्रेषण जारी हुन नसक्ने ।

इजलास अधिकृत: चुरामन खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०६८ साल वैशाख २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ दे.पु.नं. CI-०३१८, अंश, *देवनन्दन मिश्र समेत वि.गीता झा मैथिल बाहुनी*

पुनरावेदक प्रतिवादी तथा विपक्षी वादीबीच सम्बन्ध विच्छेद् मुद्दा समेत चलेकोमा सो मुद्दा सर्वोच्च अदालतबाट यी दुवैबीच पति पत्नीको नाता सम्बन्ध कायम रहने गरी मिति २०६२।२।३१ मा मिलापत्र भएको संलग्न प्रमाण मिसिलबाट देखिन्छ । यसरी यस अदालतबाट लोग्ने स्वास्नीको नाता कायम रहने गरी मिलापत्र भएकोले आपसी व्यवहार मिलाएर पत्नी जस्तो भई वस्नुपर्ने र त्यसरी वस्ने वातावरण कायम गर्ने दायित्व पति पत्नी दुवैको हुन्छ । पत्नी आफ्नो माइतमा वसेकी र वोलाउँदा घरमा नआएकी भन्नेसम्मको कारणले पति पत्नीको सम्बन्धनै कायम रहेन भन्न मिल्ने हुँदैन । एक पटक सर्वोच्च अदालतमा आफ्नो पत्नी स्वीकार गरिसकेपछि पत्नीको पारिवारिक र कानूनी अधिकार प्रदान गर्नु पतिको कर्तव्य हो । आफ्नो कर्तव्य पूरा नगर्ने पतिले पत्नी माइतमा वसेकीले अंशको हकदार नै होइन भनी दोषारोपण गर्न वा तर्क गर्नु निरर्थक देखिने ।

यी वादी प्रतिवादी पति पत्नीबीच सम्वन्ध बिच्छेद् मुद्दाको अतिरिक्त अन्य करकाप तथा कीर्ते जालसाजीलगायतका विभिन्न मुद्दाहरू चली विभिन्न अवस्थामा टुङ्गिएर बसेको मुद्दाका प्रमाण मिसिलहरूबाट देखिएको अवस्थामा यी पुनरावेदक पति तथा प्रत्यर्थी वादी गीता झाबीच सुमधुर सम्बन्ध कायम रहन नसकेको समेत कारणले वादी आफ्नो माइतीमा बसी आएकी देखिन्छ । यस्तो अवस्थामा कानूनले पाउने आफ्नो अंश माग गर्नु स्वाभाविकै देखिँदा आफ्नो लोग्ने यी पुनरावेदक प्रतिवादीमध्येका योगानन्द मिश्रबाट निज वादीले अंश पाउने ।

इजलास अधिकृत: वसन्तजंग थापा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०५४९, सवारी ज्यान, *ईन्द्रप्रसाद खनाल वि.नेपाल सरकार*

कुनै सवारी चालकले कसैलाई नियतपूर्वक ठक्कर दिई मानिसको ज्यान मर्न गएको अवस्थामा सो सवारी साधन ज्यान मार्न प्रयोग गरिएको साधनको रुपमा रहने र त्यस्तो कार्यलाई अचानक भएको दुर्घटना (Accident) मान्न नसकिने हुनाले कानूनले यस्तो प्रकृतिको कार्यलाई मनसायपूर्वक गरिएको आपराधिक कार्यको रुपमा परिभाषित गरेको हो ।

अपराधको लागि चाहिने मनसाय तत्वको रुपमा लापरवाही (Recklessness) स्थापित गर्न प्रतिवादीलाई घटना घटाएको समयमा त्यस्तो निषेध गरिएको परिणाम अर्थात् मानिस मर्न सक्छ भन्ने कुराको जानकारी भएको हुनुपर्ने हुन्छ । त्यस्तो परिणामको पूर्वज्ञान भएको तर त्यस्तो परिणामको अपेक्षा गरेको थिएन भन्ने तथ्य स्थापित हुनु पर्ने हुन्छ । अझै, लापरवाहीको अवस्थामा पनि प्रतिवादीले परिणामको अपेक्षा नगर्ने मात्रै नभई सो परिणाम नआओस् भन्ने इन्छा समेत राखेको हुन्छ । तर सम्भावित परिणामप्रति जानकार हुँदाहुँदै, परिणामको चाहना नगर्दा नगर्दै पनि उसले आफ्नो कार्यलाई निरन्तरता दिन अनुचित जोखिम लिन्छ र आपराधिक घटना घट्न पुग्दछ । मनसाय तत्वको रुपमा लापरवाहीको यस्तो अवस्थालाई

आपराधिक मनसायको दोस्रो तहमा राखिएको छ। यस्तोमा पहिलो अवस्थाको भन्दा कम फौजदारी दायित्व बहन गराउने आधार प्रतिवादीमा परिणामको इच्छा नहुनु नै हो । तर तुलनात्मक रुपमा हेलचेक्र्याइँ (Negligence) भन्दा बढी आपराधिक दायित्व बहन गराउने आधार वारदातका सम्बन्धमा प्रतिवादीमा रहेको परिणामको पूर्वज्ञान हो ।

पूर्ण सचेत रही, होशियारीकासाथ कुनै काम गर्दा पनि निषेधित परिणाम आउन सक्दछ। यस्तो अवस्थालाई रोक्न नसकिने दुर्घटना (Unavoidable Accident) को रुपमा लिई त्यस्तो कार्य गर्ने व्यक्तिमा आपराधिक मनसाय तत्वको पूर्ण अभावको कारणले त्यस्तो व्यक्तिलाई दोषी (Blameworthy) को रुपमा लिइँदैन । सापेक्षित अपराध (Relative Crime) मा आपराधिकताको (Blameworthiness) निर्धारण अपराधका सन्दर्भमा प्रतिवादीमा रहेको मनसाय तत्व (Mens rea) ले गर्ने गर्दछ। त्यस्तो अपराधका विभिन्न तहहरू हुने भएकोले कुनै खास वारदातका प्रतिवादीले कुन आधारमा कुन हदसम्म आपराधिक दायित्ववहन गर्नु पर्ने हो भन्ने निर्क्याैल गर्न वारदात घटाउन निजमा विद्यमान मनसाय तत्वलाई पहिचान र त्यसको स्तर (Degree) को निर्धारण गर्नु अनिवार्य हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०७७५, २०६६-CI-००८७, निर्णय बदर हक कायम समेत, *खड्गकुमारी प्रधान वि. भवानीशंकर तिमिल्सिना समेत, गुठी संस्थान, के.का. समेत वि. भवानीशंकर तिमिल्सिना समेत*

गुठीको जग्गा रैकरतर्फ दर्ता गराएकोमा सो जग्गालाई गुठी जग्गा भनी गुठी संस्थानका प्रशासकले रैकरको लगत बदर गरी गुठी कायम गरेको विषय ठीक थियो वा थिएन भनी जाँच गर्ने पुनरावेदकीय अधिकारक्षेत्र कानूनले पुनरावेदन अदालतलाई प्रदान गरेकोमा त्यसको विपरीत आफूलाई प्रचलित कानूनले अधिकार नदिएको विषयको फिरादपत्र ग्रहण गरी निर्णय गरेको शुरु जिल्ला अदालतको फैसला र सोही फैसलाउपर पुनरावेदन सुनी निर्णय गरेको पुनरावेदन अदालतको फैसला समेत कानूनी त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम्

## इजलास नं. ६

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-WH-००८४, बन्दीप्रत्यक्षीकरण, *लोप्साङ्ग शेर्पा समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

कानूनद्वारा सात दिनभित्र मुद्दा दायर गर्नुपर्ने भनी अनिवार्य गरेकोमा सो अवधिमा मुद्दा दायर नगरेकोमा सोको ठोस एवं मनासिब कारण बिना नै पुनः १० दिन म्याद थप गरी निवेदकहरूलाई थुनामा राखेको कार्य कानूनबमोजिमको भनी मान्न मिल्ने देखिन नआउने ।

वैयक्तिक स्वतन्त्राताको अपहरण हुनु अति संवेदनशील विषय हो । यस्तो विषयमा अदालत गम्भीर हुनु पर्दछ । कुनै पनि व्यक्तिलाई पक्राउ गरिसकेपश्चात् के कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारीसहितको थुनुवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारणसहितको सूचना पाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो । नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को कसूरमा कसूरदारलाई बिना वारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त ऐनको दफा (३) मा भए पनि त्यसरी थुनामा राख्नुको कारणसहितको थुनुवा पूर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिँदा कानूनबमोजिमको थुनुवा पूर्जी अनिवार्य रूपमा दिनुपर्ने हुन्छ । कानूनबमोजिम थुनामा राखिएको भनिएका व्यक्तिहरूको कुनै समूहकै डुण्डुप छिरिङ्ग गुरूङ्ग, तेन्जी फिन्चोक, गाटो र ग्याल्सेलाई पक्राउ गरी थुनामा राख्नुको सूचनासहितको थुनुवा पूर्जी बुझाएको वा दिएको प्राप्त

मिसिलबाट देखिन आएन । व्यक्तिको मौलिक हकलाई समेत अवमूल्यन गरी थुनामा राखेको यस्तो स्थितिलाई पनि कानूनबमोजिमको थुना मान्न नसकिने ।

अदालतको आदेश पालना गर्नुपर्ने कानूनी दायित्व र कर्तव्य रहेको जिल्ला प्रशासन कार्यालय काठमाडौंले यस अदालतबाट मिति २०६८।३।१३ मा जारी भएको कारण देखाउ आदेश सहितको ३ दिने म्याद मिति २०६८।३।१३ मा बुझेकोमा लिखित जवाफ पेश नगरी आफ्नो कर्तव्य तथा दायित्वको उचित रूपमा पालना गरेको नदेखिँदा उक्त कार्यलाई अदालतले गम्भीर लापरवाहीको रूपमा लिएको हुँदा सम्बन्धित अधिकारीको एकपटक ध्यान आकृष्ट गराउने तथा महानगरीय प्रहरी परिसरका नाममा कारण देखाउ आदेशसहितको म्याद जारी भएकोमा उक्त कार्यालयका प्रमुखले लिखित जवाफ प्रस्तुत गर्नुपर्नेमा कार्यालय प्रमुख प्रहरी उपरीक्षक केदार रिजालको नाम लिपिवद्ध गरेकोमा 'आज्ञाले' भनी प्रहरी नायब उपरीक्षक अरूणकुमार बि.सी. ले दस्तखत गरी पेश गरेको कार्यलाई अदालतको आदेशलाई गम्भीर रूपमा नलिई अदालतप्रति अनादर गरेको देखिएको छ । अतः अदालतको आदेशलाई गम्भीरतापूर्वक नलिने र अनादर गर्ने उक्त दुबै कार्यालयका प्रमुखहरूलाई भविष्यमा यस्तो कार्य पुनः नदोहोर्‍याउनु भनी सचेत गराउन महान्याधिवक्ताको कार्यालयमार्फत् गृह मन्त्रालयमा लेखी पठाई दिनुपर्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको CI-०७२९, परमादेश, *जिल्ला प्रहरी कार्यालय पर्सा समेत वि.शोभाकुमारी सिँह*

शोभाकुमारी सिंहले आफ्नो घरमा मिति २०६६।८।८ मा आगो लगाइदिने व्यक्तिलाई कारवाही गरिपाऊँ भनी पुनरावेदक प्रहरी कार्यालयमा हुलाकमार्फत् मिति २०६६।८।१५ मा जाहेरी दर्ता गर्न पठाएकोमा प्रहरी कार्यालयबाट सो जाहेरी सनाखत गराउन इन्कार गरेको कारण हुलाकद्वारा पठाएको उक्त जाहेरी दर्खास्त सनाखत गराई कानूनबमोजिम अनुसन्धान तहकीतकात गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरिपाऊँ भनी प्रत्यर्थी निवेदिका शोभाकुमारी सिंहले पुनरावेदन अदालत हेटौडामा मिति २०६७।३।२ मा निवेदन दिई सो अदालतबाट हुलाक कार्यालयबाट पठाएको जाहेरी दर्खास्त मुलुकी ऐन,अ.वं. ९० बमोजिम सनाखत दर्ता गरी सकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोमिज अनुसन्धान तहकीकातको काम प्रारम्भ गर्नु भनी मिति २०६७।५।९ मा पुनरावेदक प्रहरी कार्यालय समेतका नाममा परमादेशको आदेश जारी गर्ने गरी आदेश भै सकेको अवस्था हुँदा मिति २०६६।८।८ मा भएको आगलागीको वारदात सम्बन्धमा हुलाकमार्फत् साधिकार निकायमा दिएको जाहेरी दर्खास्त सनाखत गराई दर्ता गरी अनुसन्धान तहकीकातको काम प्रारम्भ गर्नु भनी मुद्दा दर्ता गर्ने हदम्यादभित्रै पुनरावेदन अदालत हेटौडाबाट आदेश भैसकेको अवस्था हुँदा निवेदनमा उल्लिखित आगो लगाएको वारदात सम्बन्धमा मुद्दा गर्ने हदम्याद नाघिसकेको भन्ने अर्थ गरी आगो लगाउने जस्तो गम्भीर अपराधमा अदालती कारवाहीबाटै मुद्दालाई रोक्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको CI-१००५, निषेधाज्ञा, *विहल साह तेली वि.मोदीलाल खंग*

संविधानद्वारा प्रदत्त मौलिक हक तथा अन्य बैकल्पिक उपचारको व्यवस्था नभएकोमा कानूनी हकको प्रचलनको लागि मात्र रिट क्षेत्र आकर्षित हुने अवस्था हुन्छ । यस्तो क्षेत्राधिकारभित्र प्रवेश गर्ने कुनै व्यक्तिको कानूनी हक प्रचलन गराउन अन्य बैकल्पिक मार्ग नभएको भन्नेमा इजलास सन्तुष्ट हुनुपर्दछ । नियमित प्रक्रियाबाट नै कानूनद्वारा प्रदत्त हकको उपभोग नगरी रिट क्षेत्रअन्तर्गत प्रवेश गरेको अवस्थामा अदालतले त्यस्तो निवेदकको हक प्रचलन गराउन नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८५३६, लिखत दर्ता बदर हक कायम, *सावित्री थापा वि.दीपककुमार थापा समेत*

पैतृक अचल सम्पत्तिमा आधाभन्दा बढी सम्पत्ति हक हस्तान्तरण गर्दा २१ वर्ष पूरा भएका स्वास्नी छोराको मञ्जूरी लिनुपर्ने कानूनी प्रावधान भएकोमा मिति २०५४।८।६ मा राजीनामाको लिखत पारीत गर्दा यी वादी सावित्री थापाको मञ्जूरी लिएको वा निजलाई साक्षी राखेको वा मञ्जूरी दिएको पनि देखिदैन । यसरी कानूनले स्पष्ट रुपमा मञ्जूरी लिनपर्ने वा साक्षी राख्नुपर्ने प्रावधानबमोजिम यी वादीलाई साक्षी राखेको वा निजको मञ्जूरी लिई खरीद बिक्री गरेको हो भनी प्रतिवादीहरूले समेत पुष्टि गर्न नसकेकाले दावीको जग्गालाई दाताको निजी आर्जनको ठहऱ्याई लिखत दर्ता बदर गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने गरी शुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी गरेको पुनरावदेन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिने ।

मुलुकी ऐन अंशवण्डाको १९(१) नं. मा भएको कानूनी प्रावधानअनुसार संगोलको सम्पत्ति हक हस्तान्तरण गर्दा २१ वर्ष ननाघेका अंशियारको मञ्जूरी लिनु नपर्ने हुँदा दावीको मिति २०५४।८।६, र.नं. १८८६ को राजीनामाको लिखत नाबालक सागर थापाको हकमा बदर गर्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ ८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ८५३७, रोक्का बदर, *सावित्री थापा वि.दीपककुमार थापा समेत*
- २०६२ सालको फौ.पु.नं. ३५१९, जालसाजी, *सावित्री थापा वि.दीपककुमार थापा समेत*

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-१०३७, निषेधाज्ञा, *चन्द्रिका ओभैया थारू वि. प्रयाग महतो थारू*

निषेधाज्ञा जारी हुनको लागि निर्विवाद हक तथा अधिकारमा आघात पर्नसक्ने प्रवल आशंकाको स्थिति अनिवार्य हुन्छ । तर प्रस्तुत रिट निवेदक आफैंले पुनरावेदन पत्रमा समेत धानबाली आफैंले काटी लगेकोमा स्वीकार नै गरेको पाइन्छ । यसरी जुन धानबाली काट्ने आशंका व्यक्त गरी रिट निवेदन दिएको हो सोभन्दा बेग्लै परिस्थिति सिर्जना भई निवेदक आफैंले धानबाली काटी लगेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन सक्ने नहुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५-CI-००४५, लिखत बदर हक कायम समेत, *अनीता लिम्बू वि. उजेली राई समेत*

अंशबण्डाको १८ नं. को कानूनी व्यवस्थाअनुसार बाबु आमाको सम्पत्ति छोरा श्रीमतीले पाउने कुरामा संकुचित नगरी समान अंशियारका बीच बकसपत्रबाट प्राप्त सम्पत्ति अंश भाग नलाग्ने तर सोही सम्पत्ति आफू घरमूली भएको अवस्थामा भने सो सम्पत्ति बकसपत्रबाट प्राप्त हो भनी अरू कसैलाई अंश दिन्न भनी भन्न पाउने अवस्था रहँदैन । यस कानूनी व्यवस्थाअनुसार आमा बाबुको नाउँमा जुनसुकै तवरबाट प्राप्त सम्पत्ति निजको छोराछारीलाई पैतृक हुने ।

वादीको समेत अंश हक लाग्ने जग्गा प्रतिवादी उजेली राईले प्रतिवादी मन राईलाई मिति २०६१।१०।१२ मा गरिदिएको हालैको बकसपत्रको लिखत बदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** ०६४-WO-००१९, उत्प्रेषण परमादेश, *यज्ञबहादुर के.सी. वि. मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत, पाटन, ललितपुर समेत*

निवेदकको नाममा रीतपूर्वकको पुनरावेदनको म्याद जारी भएको नदेखिएको स्थितिमा जिल्ला प्रहरी

विशेष अदालतको मिति २०४५।५।२४ को फैसला मिति २०६१।३।११ गते जानकारी प्राप्त गरी मिति २०६१।४।१३ गते पुनरावेदन दायर गरेको कार्यलाई म्याद नघाई पुनरावेदन गरेको कारण देखाई अ.बं. १८० नं. बमोजिम पुनरावेदन खारेज गर्ने निर्णय गरेको मिति २०६४।२।२३ गतेको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनको फैसला कानून र न्यायसंगत नदेखिँदा उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब उक्त मुद्दामा बुझ्नुपर्ने प्रमाण यथोचित् रूपमा बुझी प्रमाणको मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी विपक्षी मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत पाटनको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६४-WO-००१८, उत्प्रेषण परमादेश, *खुलबहादुर कुँवर वि. मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत, पाटन, ललितपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** ०६६-WO-०६७१, उत्प्रेषण परमादेश, *राधा गुरुङ्ग वि. गृह मन्त्रालय समेत*

निवेदिकाले निजामती सेवाअन्तर्गत स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रहरी सेवामा जोड्न मिल्ने कानूनी व्यवस्थाको अभावमा निवेदिकाको सेवा अवधि जोडी निवृत्तिभरण प्रदान गर्न नमिल्ने गरी भएको नेपाल सरकार सचिवस्तर, गृह मन्त्रालयको मिति २०६६।८।२१ को निर्णयले निवेदिकाको कुनै हक हनन् नभएको र उक्त निर्णय गैरकानूनी नभएकोले बदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । तसर्थ निवेदिकाको मागबमोजिमको आदेश जारी हुन सक्ने कानूनी अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६७ साल चैत १४ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको WO-०८६५, उत्प्रेषणयुक्त परमादेश, *अञ्जनीकुमार मिश्र वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

निवेदकलाई विभागीय सजाय गर्नका लागि सजाय समेत किटान गरी अख्तियारवाला समक्ष लेखी पठाउने निर्णय एवं सो निर्णयका आधारमा पत्राचार गरिएको कार्य कानूनद्वारा समर्थित हुन नसकेको स्थितिमा कानूनविपरीतको त्यस्तो निर्णयका आधारमा गरिएका कुनै पनि काम कारवाहीले कानूनी मान्यता पाउन सक्ने देखिएन । तसर्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६४।१०।१३ मा यी निवेदकलाई २ बर्षसम्म कार्यालय प्रमुख हुन नपाउने व्यवस्था गर्ने निर्णय, सो निर्णयको आधारमा नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयलाई सम्बोधन गरी लेखिएको मिति २०६४।१०।२९ गतेको पत्र उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ । निवेदकलाई नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय गौरको शाखा प्रमुख आठौं तहमा यथावत् रूपमा काम गर्नु दिनु भनी नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय समेतको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः शम्भुप्रसाद साह

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६३-CI-१२८२, लिखत दर्ता बदर दर्ता, *लगनवती चौधरी समेत वि. रामकिशुन चौधरी समेत*

एउटा हाँगाको अंशियार जीउँदो हुँदाहुँदै अर्को हाँगामा फड्केर अपुताली जाने अवस्था पर्दैन । अपुतालीको महलको मनसाय पनि यस्तो होइन । यसबाट अंशबण्डा लाग्ने अंशियार हुँदाहुँदै सो हाँगालाई छाडेर अर्को हाँगामा अपुताली पर्छ भनी अर्थ गर्न मिल्ने देखिएन । यसर्थ रघुनन्दनले प्राप्त गरेको जग्गाको स्रोत नामसारी देखिएको भए पनि दावीको सम्पत्ति बण्डा लाग्ने सगोलको होइन भनी अर्थ गर्न मिल्ने नदेखिने ।

वादी रामकिशुन र श्यामनारायण तथा प्रतिवादी रघुनन्दन समेत सगोलका अंशियारहरू सबैको हक लाग्ने दावीका कि.नं. ९४,९७,१८६,२१८,२३५ का जग्गाहरू प्रतिवादी रघुनन्दनले अंशियारा वादीहरूको

मञ्जूरी नलिई पुनरावेदक प्रतिवादी लगनवती चौधरीलाई राजीनामा गरिदिएको देखिएकाले दावीका जग्गामा वादीहरूको अंश हक जतिको लिखत र दर्ता बदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको CI-०८१२, सार्वजनिक दर्ता बदर, *लालबीर रावत समेत वि.कर्णबहादुर शाही समेत*

कुनै पनि प्रकृतिको जग्गा नापी हुनुभन्दा अगाडि सार्वजनिक प्रकृतिको थियो वा थिएन भन्ने सम्बन्धमा यकीन गर्नुभन्दा पहिला त्यस्तो जग्गा साविक लगत तिरोभित्रको हो होइन, साविक लगत तिरो भिडेको प्रमाणको विवेचना नगरी साविकका प्रमाणलाई मूल्याङ्कन नगरी केवल दावीलाई मात्र आधार मानी अघिदेखिको हकभोगको लिखत प्रमाणलाई अलग गर्न मिल्दैन । साविक लगत भिड्न नआएको, सर्भे नापी भई तयार भएको फिल्डवुक तथा स्रेस्तामा पनि पर्ती, जंगल वा सरकारी जनिएको छ भने सो अवस्थामा गरिएको दर्ता कायम हुन नसक्ने हो । तर साविक दर्ता तिरो र भोगको आधार प्रमाणित हुन्छ भने सो अवस्थामा हकभोगको प्रमाणलाई बाहेक गरी व्यक्तिका साम्पत्तिक अधिकारमा अनुचित बन्देज लाग्ने गरी व्यक्ति विशेषका जग्गा सरकारी वा सार्वजनिक प्रकृतिका हुन् भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल असार २० गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको CR-००९०, कर्तव्य ज्यान, *चन्द्रबहादुर सुनार वि.नेपाल सरकार*

शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौज्दारी न्यायको सर्वमान्य सिद्धान्त हो । यस सिद्धान्तअनुसार शंकारहित तवरबाट कसूर प्रमाणित गर्ने भार वादीमा रहन जान्छ । जाहेरी दरखास्त र अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान अन्य स्वतन्त्र प्रमाणबाट वस्तुनिष्ठ रुपमा पुष्टि भएको हुनुपर्ने ।

अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरालाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेसम्म प्रमाणमा लिइनु मनासिव नदेखिने भन्ने समेत सिद्धान्त प्रतिपादन भएको अवस्थामा संकलित सबूद प्रमाणको विश्लेषण नगरी मनोगतरूपमा दोषी ठहर गरी प्रतिवादीलाई सजाय गर्न नमिल्ने हुँदा प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम् ।

१३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको फौ.पु.नं. २०६५-CR-०५४३, CR-०५८३, CR-०६६७, लागू औषध(खैरो हेरोइन), *शिवशरण रानाभाट वि. नेपाल सरकार वि. प्रकाश गौतम, लाक्पा तामाङ्ग वि. नेपाल सरकार*

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७क मा भएको कानूनी व्यवस्था हेर्दा लागू औषध बाहेकको अन्य कुनै पदार्थलाई लागू औषध भन्ने विश्वासमा पारी त्यस्तो कारोवार, बेचबिखन निकासी पैठारी, सञ्चय, उत्पादन समेतको कार्य गर्ने व्यक्ति वा गिरोहलाई सो अपराध गरेबापतको हुने सजायको आधी सजाय हुनेछ भन्ने उल्लेख छ । प्रतिवादीहरूले अन्यथा जिकीर लिए पनि लागू पदार्थलाई लागू पदार्थ हो भनी विश्वासमा पारी बिक्री गर्ने उद्देश्यले ग्राहक खोजिदिन तेन्जिङ्ग भन्ने व्यक्तिलाई यी प्रतिवादीहरूले अनुरोध गरेबमोजिम पहिला निश्चित् गरिएको स्थानमा उक्त वस्तु लिई जाँदा यी प्रतिवादीको सँगसाथबाट उक्त वस्तु बरामद भएको पाइएको हुँदा पुनरावेदन नगर्ने प्रतिवादी नरेन्द्रबहादुर श्रेष्ठ समेत यी प्रतिवादीहरू लाक्पा तामाङ्ग र शिवशरण श्रेष्ठ समेतको संलग्नतामा लागू पदार्थ नभएको पदार्थलाई लागू औषध हो भनी बिक्री गर्ने उद्देश्यले सँग साथमा राखेको पुष्टि हुन आएको छ । लागू औषधमा फसाइएको हो भनी दावी लिए तापनि यी प्रतिवादीहरूलाई लागू औषध जस्तो गम्भीर मुद्दामा अभियोग लगाउनु पर्ने तर्कसंगत आधार समेत प्रतिवादीहरूले देखाउन सकेको नपाइदा प्रतिवादीहरू लाक्पा तामाङ्ग र शिवशरण रानाभाटलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) र दफा १७क. बमोजिम जनही ७ वर्ष ६ महिना कैद र दुई लाख रूपैयाँ जरीवाना हुने ।

लागू औषध भनिएको उक्त वस्तु लाक्पा तामाङ्गबाट बरामद भएको र निजले नै यी प्रतिवादी प्रकाश गौतमलाई

पोल नगर्नु तथा चिन्दिन भनी बयान गर्नु नै निज प्रतिवादी प्रकाश गौतमको उक्त वारदातमा संलग्नता नहुनु हो भनी तथ्यगत प्रमाणले पुष्टि गरेको अवस्था हुँदा निजले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत, दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री सुशीला कार्की,** ०६५-CI-०२४०, बाली बिगो, *मुसे भन्ने रामआश्रे अहिर वि. जगनारायण अहिर*

२०५१ सालदेखि बण्डा छुट्ट्याएको मिति २०६२।२।९ सम्मको बाली भराई पाऊँ भन्ने दावी भएको र मुद्दा परिरहेको अवस्थामा यस मुद्दामा अंशबण्डाको ३१ नं. बमोजिम जग्गा मिच्नेको १० नं. अनुसार मुद्दा विचाराधीन रहेको अवधिको बाली रोक्का रहेको नदेखिँदा वादीले विवादित सालको बाली प्रतिवादीबाट भरिपाउने नै देखिने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल जेठ २३ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६७-CI-०७९८, बाली दिलाई पाऊँ, *बाबुलाल राउत अहिर समेत वि. जनक राउत अहिर* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६-CI-०१६७, बहाल दिलाई घर खाली चलन, *चेतराम तमोली वि.कमर अहमद खाँ*

मिति २०६३।११।२८ मा भएको नक्सा मुचुल्काको नं. १० मा उल्लिखित घर वादीको कि.नं. ४५८ को जग्गामा रहेको र उक्त घरमा यी प्रतिवादी बसोबास गरेको भन्ने तथ्य उक्त नक्सा मुचुल्काबाट देखिन आएको हुँदा वादीलाई बहाल दिलाई सो घर वादीले प्रतिवादीबाट खाली गराई पाउने नै देखिने ।

बहाल दिलाई घर खाली गराई पाऊँ भन्नेसम्म दावी रहेकोमा दावी नै नभएको विषयमा चलन चलाई दिन नमिल्ने अवस्थामा चलन समेत चलाई दिने ठहर गरेको सो हदसम्मको शुरूको फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६८ सालको रिट नं. ०००३, बन्दीप्रत्यक्षीकरण, *सन्दीपकुमार साहको हकमा मनमोहन तिमल्सिना वि. राजश्व अनुसन्धान विभाग समेत*

रिट निवेदकलाई नेपालमा कारोवार गर्न प्रतिबन्ध लगाएको भा.रू. ५००।- दरका नोटहरू सहित साधिकार निकायले पक्राउ गरी आवश्यक अनुसन्धान गर्दा रिट निवेदक स्वयंले आफ्नो बयानमा समेत मबाट भा.रू. बरामद भएको हो भनी बयान गरेपश्चात् साधिकार निकाय सरकारी वकीलसमक्ष पेश गरी सो सरकारी वकील कार्यालयले अभियोगपत्रसाथ अदालतसमक्ष पेश भई अदालतले मागेको धरौटी वा जेथा जमानत पेश दाखिल गर्न नसकी थुनामा परेको देखिँदा त्यस्तो कानूनप्रदत्त अधिकारको उपयोग गर्ने निकायबाट भएको कानूनसम्मत् काम कारवाहीले निवेदकको मौलिक हकमा कुनै बाधा बन्देज परेको अवस्था नदेखिने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६८ साल भदौ ७ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री कमलनारायण दास,** ०६५-WO-५३९, उत्प्रेषणयुक्त परमादेश, *न्हुच्छेकुमार सिंकेमन समेत वि. मालपोत कार्यालय, भक्तपुर समेत*

निवेदन दावीको प्रकृतिका राजदरवार फर्मायसी, सेवा विर्ताका जग्गा २०२६ आश्विन १३ को राजपत्रमा प्रकाशित सूचनाद्वारा रैकरमा परिणत भएको र दरवारले तत्कालीन सयमयमा नै परित्याग गरेको, तत्कालीन भूमि

प्रशासन कार्यालय भक्तपुरको मिति २०२६।१०।३ को निर्णय यस अदालतबाट यसै प्रकृतिका २०२७ सालको ९१६ नं. को उत्प्रेषणको रिट निवेदनमा मिति २०६४।१।२० मा भएको आदेशद्वारा बदर भएको तथा निवेदकको जग्गा रोक्का राख्नुपर्ने अन्य कानूनी आधार र कारणको अभाव रहेको स्थितिमा निवेदन दावीको जग्गा रोक्का रहेको भनी नामसारीका सम्बन्धमा कारवाही रोक्नु पर्ने नदेखिने।

मालपोत कार्यालय भक्तपुरबाट कानूनी आधार र कारणबिना निवेदन दावीको जग्गा रोक्का रहेकाले रोक्का फुकुवा भएपछि मात्र नामसारीतर्फ कारवाही हुने गरी तामेलीमा राख्ने गरेको मिति २०६५।११।६ को निर्णय कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदएको छ। निवेदन दावीको जग्गा गैरकानूनी रूपमा रोक्का रहेको देखिँदा उक्त जग्गा फुकुवा गरी निवेदकले मालपोत कार्यालय भक्तपुरमा नामसारीका सम्बन्धमा मिति २०६५।८।१३ मा दिएको निवेदनमा कानूनबमोजिम आवश्यक कारवाही गर्नु भनी मालपोत कार्यालय भक्तपुरका नाममा परमादेशको आदेश समते जारी हुने।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६८ साल भदौ १ गते रोज १ शुभम्।

२

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७-CR-०५६१, कर्तव्य ज्यान, *देउराम थापा वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई ढुंगा प्रहार गरेको र सोही चोटको कारणले मृतकको मृत्यु भएको भन्ने तथ्य स्थापित भएको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

प्रस्तुत मुद्दाको घटनाको प्रकृति हेर्दा मृतक र प्रतिवादीबीच पूर्व रिसइवी रहेको नदेखिएको, दुबैले सँगै बसी मादक पदार्थ सेवन गरी सँगै घर आउँदाको अवस्थामा आपसमा वादविवाद र झगडा भएको देखिएको, सोही झगडाको आवेशमा आई मादक पदार्थ सेवन गरेको अवस्थामा तत्काल उपलब्ध भएको ढुंगाले प्रहार गरेको कारण मृतकको मृत्यु भएको भन्ने अवस्था देखिँदा वारदातको प्रकृति र कसूर गर्दाको अवस्था समेतलाई दृष्टिगत गरी प्रतिवादीलाई १० वर्ष कैद हुने।

इजलास अधिकृतः कमलराज विष्ट

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम्।

३

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६७-CR-०३०६, कर्तव्य ज्यान, *किर्तीबहादुर नेपाली वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा मृतकको बाह्य तथा भित्री शरीर जाँच गर्दा जिब्रो कालो भएको, शरीरको छालको रंग नीलो भएको, फोक्सो कालो भएको र आमाशयमा प्रदाजनक रासायनिक पदार्थको गन्ध आउने भन्ने उल्लेख भएको देखिन्छ। मृतकको मृत्युको कारणमा Coma भन्ने उल्लेख भएको देखिए तापनि मृतकको शव जाँच गर्ने डा.झलक शर्मा गौतमको बकपत्र हेर्दा Coma मृत्युको कारण नभई तरिका हो। अफिम, रक्सी, विषादी आदिको कारणबाट विष पैदा भएर Coma हुन सक्दछ भनी बकपत्र गरेको देखिएबाट मृतकको भिसेरा परीक्षण हुँदा शरीरमा विषादि फेला नपरेको भनी उल्लेख भए तापनि मिसिल संलग्न प्रमाण र डाक्टरको बकपत्रबाट प्रतिवादीउपरको कसूर पुष्टि भएको देखिने।

मृतक र प्रतिवादीबीच लोग्ने स्वास्नीको सम्बन्ध कायम रही निजहरूको ४ जना नाबालक छोराछोरी रहेको भन्ने देखिएको छ। वारदातको दिन र समयमा पनि मृतकसँग सँगै बसी रक्सी र मासु खाएको भन्ने देखिएको छ। अर्को आइमाईसँग अवैध सम्बन्ध रहेको भन्ने सम्बन्धमा श्रीमतीले शंका गरी गालीगलौज गर्ने गरेको भन्ने देखिएको छ। रक्सी सेवन गरेको समयमा पनि सोही विषयमा विवाद भएको र आफूलाई मृतक श्रीमतीले सोही निहुँमा सधैं गाली गलौज गर्ने एवं विगत ६, ७ महिना अघिदेखि यौन सम्पर्क गर्न नदिएको हुँदा सोही झोंकमा रक्सीको नसामा मृतकले खाने रक्सीमा विष मिसाई दिएको, सो रक्सीको सेवनबाट मृतकको मृत्यु भएको भनी प्रतिवादीले बयान गर्दै कानूनले जो हुने सजाय समेत भोग्न मञ्जूर छु भनी न्यायिक प्रक्रियामा पनि समर्पण गरेको देखिन आउँछ। तसर्थ, प्रतिवादीले कसूर गर्दाको अवस्था, परिस्थिति र प्रतिवादीको बाबुआमा तथा नाबालक छोराछोरीहरूलाई पालन पोषण गर्नुपर्ने सामाजिक दायित्व समेतलाई दृष्टिगत गर्दा निजलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्न जाने अवस्था देखिएबाट दश वर्ष कैद गर्ने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम्।

४

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको ०६७-CR-०५२०, कर्तव्य ज्यान, *राजेश भन्ने चुनबहादुर योङ्हाङ्ग वि. नेपाल सरकार*

धारिलो हतियार प्रयोग गरी श्रीमतीको हत्या गरेको विद्यमान स्थितिमा एक्कासी आवेशमा आई प्रहार गरेकै भए पनि ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुन सक्ने अवस्था नहुँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।आफ्नै श्रीमतीलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, तयारी एवं कुनै योजना नभई आफूले विदेश जाँदा लिएको ऋण तिर्ने सम्बन्धमा श्रीमतीसँग बराबर विवाद हुने गरेको, गरिबीको कारण सो ऋण तिर्ने सम्बन्धमा सोच्न नसकेकोले प्रतिवादी मानसिक रूपमा विचलित भई उक्त घटना घटेको देखिएको, आफूलाई उक्त कार्यबाट पश्चाताप भएपछि आफूले समेत आत्महत्याको प्रयास गरेको देखिएको, आफूले गरेको आपराधिक कार्य स्वीकार गरी अनुसन्धान एवं अदालतको न्यायिक प्रक्रियालाई समेत सहयोग गरेको देखिएकोले निज प्रतिवादीको उमेर, अवस्था एवं घटनाको प्रकृति तथा परिस्थिति समेतलाई विचार गर्दा प्रतिवादीहरूलाई सर्वश्वसहित जन्मकैदको सजाय चर्को पर्ने देखिँदा न्यायको दृष्टिबाट मुलुकी ऐन, अ.बं १८८ नं. बमोजिम १०(दश) वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः कर्ण राई

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. ०६३६, साधक नं. ०००१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवी के.सी., नेपाल सरकार वि. पदम प्याकुरेल*

कुनै पनि महिलाले गर्भधारण गर्नु प्राकृतिक र स्वाभाविक प्रक्रिया हो । गर्भभित्र रहेको स्वस्थ भ्रुण पतन गर्नु गराउनु कुनै उपचार होइन । प्रतिवादीले औषधि उपचार गर्न पाउने गरी कुनै इजाजत पनि प्राप्त नगरेको र स्वास्थ्य उपचारको सुविधा प्रदान गर्ने अस्पताल समेत रहेको दैलेख जिल्ला सदरमुकाममा भएको वारदात देखिँदा सो वारदात साधारण प्रकृतिको देखिन नआउने ।

फौजदारी अपराध सिद्ध हुन सदैव पूर्व रिसइवी र मनसाय नै विद्यमान हुनुपर्छ भन्न सकिँदैन । यसलाई वारदातको स्थिति र अवस्थाले पनि प्रमाणित गर्ने हुन्छ । आफूसँग ज्ञान, सीप र योग्यता नहुँदा नहुँदै गर्भपतन गर्दा ज्यान जान सक्छ भन्ने थाहा हुँदाहुँदै निज प्रतिवादीले मृतकलाई गर्भपतन गर्ने कार्य गरी अत्याधिक रक्तस्रावको कारणले मृतक पुनम ढेगाको मृत्यु भएको, मृतकको पोष्टमार्टम रिपोर्टबाट प्रमाणित भएको देखिनाले प्रतिवादी पदम प्याकुरेललाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ।

प्रतिवादी देवी के.सी.लाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ६ महिना कैद हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल भदौ ५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको फौ.पु.नं. ०५४२, जवर्जस्ती करणी, *नेपाल सरकार वि.बराती बढई*

कलिलो उमेरकी नाबालिकाको योनीमा औंला घुसाएको परिणामस्वरूप योनीबाट रगत बगेको भन्ने स्वास्थ्य परीक्षणसँग अभियुक्तको अनुसन्धान अधिकारी समक्षको बयान मिलेको र पीडितको कागजको व्यहोरा समेतबाट एकआपसमा घटना विवरणहरू समर्थित भएको देखिन आउँछ । हातको औंला घुसारी यौन सन्तुष्टि लिँदै करणीको उद्यत गरी नाबालिका रून लागेकीले छोडी दिएको भन्ने हुदा यदि नाबालिका नरोई दिएको भए निज अभियुक्तले अवश्य करणी थर्ने थिए भन्ने पुष्टि हुन्छ । योनीमा औंला घुसारेको कार्य जवर्जस्ती करणीको प्रयास गरेको भन्ने कुरा प्रतिवादीको क्रियाकलापबाट पुष्टि हुने ।

पीडित नाबालिकाको योनीमा लिङ्ग प्रवेश भएको भन्ने अभाव रहेको र प्रतिवादीले पीडितको योनीमा औला घुसारेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिन आएकोले मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ५ नं मा "जवर्जस्ती करणी गर्न उद्योग गरेको, करणी गर्न भने पाएको रहेनछ भने जवर्जस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने

कानूनी व्यवस्थाबाट प्रतिवादीले पीडितलाई गरेको कार्य अर्थात् वारदात उक्त ५ नं. अनुसार भएको देखिएकोले प्रतिवादी बराती बढईलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३ नं. ले हुने १० वर्षको आधी सजाय जवर्जस्ती करणीको उद्योगतर्फ ५ वर्ष कैद हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६८ साल भदौ ५ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. ०५१२, करारबमोजिम रकम दिलाई पाऊँ, *गोपालसुन्दर लाल कक्षपति वि. इन्द्र लोहनी*

टिकट लिने दिने सम्झौता बिण्डरोज ट्राभल्स सर्भिस प्रा.(लि.) सँग भए पनि कम्पनीसँग सार्थक सम्बन्ध रहेका यी प्रतिवादीहरू बिण्डरोज ट्राभल्स सर्भिस प्रा.(लि) का सञ्चालक भएका र निजहरूले वादी लुफ्थान्सा एयरलाई बुझाउन पर्ने रकम व्यक्तिगत रूपले बुझाउन मञ्जूर गरी २६ मार्च १९९५ ई.मा पत्र लेखी व्यक्तिगत स्वामित्व ऋण स्वीकार गरेको देखिन आएको र यी प्रतिवादीहरू कम्पनीमा सञ्चालक रहेको अवस्थाकै कारोवार देखिएको समेतबाट यी प्रतिवादीहरू कम्पनीले बुझाउनु पर्ने हो भनी व्यक्तिगत ऋणको दायित्वबाट पन्छिन पाउने देखिएन । प्रतिवादी गोपालसुन्दर लाल कक्षपति, संजोग तुलाधर र रूपेन्द्र जोशी समेतको सो दायित्व सम्बन्धमा समान दायित्व र जिम्मेवारी देखिन आयो । पुनरावेदन अदालतको फैसलाअनुसार आफूउपर परेको समानुपातिक दायित्व सम्बन्धमा पुनरावेदन नगरी प्रतिवादी संजोग तुलाधर र रूपेन्द्र जोशीले चित्त बुझाई बसेकोबाट समान दायित्वभित्र परेका यी पुनरावेदकले पन्छिन पाउने कुनै कानूनी र तथ्यगत आधार नदेखिने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६८ साल भदौ ५ गते रोज २ शुभम् ।

## एकल इजलास

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं. WO-१२५०, परमादेश, *महम्मद रफिक मियाँ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

औषधि ऐन, २०३८ को दफा १० मा औषधिको बिक्री वितरण गर्ने व्यक्तिले आफ्नो नाम र पसल वा फर्म विभागमा तोकिएबमोजिम दर्ता गराई तोकिएको दस्तूर तिरी प्रमाणपत्र लिनुपर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ । त्यसैगरी औषधि दर्ता नियमावली, २०३८ को नियम ६(१) मा कुनै व्यक्तिले औषधि बिक्री वितरण गर्नको लागि ऐनको दफा १० बमोजिम आफ्नो नाम र पसल वा फर्म दर्ता गराई प्रमाणपत्र लिन चाहेमा निजले अनुसूची ८ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनुपर्नेछ भन्ने र ऐ (२) मा उपनियम (१) बमोजिमको दरखास्त परेपछि विभागले आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रमाणपत्र दिन मनासिब देखेमा औषधि बिक्री वितरण गर्ने व्यक्तिको नाम र पसल फर्म विभागबाट तोकेबमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी अनुसूची १४ मा तोकिएबमोजिमको दस्तूर लिई निवेदकलाई अनुसूची ९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । निवेदकले उपरोक्तबमोजिमको कानूनी प्रक्रिया पूरा गरे नगरेको आफ्नो निवेदनमा उल्लेख गरेको देखिँदैन । कानूननले तोकेको प्रक्रिया पूरा नगरेमा निवेदकले मागबमोजिम प्रमाणपत्र पाउने कुरा भएन । कानूनले तोकेको कर्तव्य सार्वजनिक अधिकारीले पालन गर्न इन्कार गरेको स्पष्टतः देखिएमा मात्र परमादेशको विषय बन्ने हो । रिट निवेदनमा यो पूर्वावस्था देखाउन सकेको छैन । संविधानद्वारा प्रदत्त हक के कुन आधारमा हनन् भएको हो भन्ने कुरा निवेदकले प्रष्ट उल्लेख गर्नुपर्ने हुन्छ । यो यस्तो कारणबाट नदिएको भन्ने कुरा सफा हात लिई सत्य तथ्य कुरा खुलाई रिट दिन आउनुपर्नेमा सफा हात नआई कुरा लुकाई रिट दिन आएको देखिन आएकोले रिट निवेदकले जिकीर लिएबमोजिम प्रमाणपत्र नदिएको भन्ने आधारले मात्र रिट जारी हुन सक्ने नहुँदा यस रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने स्थिति नदेखिने ।

इजलास अधिकृतः हरिहर पौडेल
इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।